चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रूपमा प्रयोग गरौं, हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं, चाडपर्वमा अनावश्यक खर्च नगरौं, मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक ०९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 25 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६३

## नक्कली सुनचाँदीका गहना बेचेर रौतहटमा ठगीधन्दा

प्रस, रौतहट, ८ कात्तिक/

सुनचाँदीका नक्कली गहना घरघरमा पुगेर बिक्री गर्ने ठगी कार्य रौतहटमा भइरहेको छ ।



रौतहटको घरघरमा पुगेर प्रलोभन देखाइ नक्कली गहना बेच्दै एकजना भारतीय महिला । तस्वीरः शैलेन्द्र झा

रौतहट जिल्लाको सिमानासँग जोडिएको भारतीय बजार बैरगनियाबाट नक्कली सुनचाँदीका गहनाहरूलाई टाँचा लगाएर सक्कली सुनचाँदी भनी गौरलगायतका क्षेत्रमा बिक्री गरी ठगी कार्य भइरहेको एकजना सुनचाँदी व्यवसायीले बताए ।

नक्कली सुनचाँदी सक्कली भनेर ग्यारेन्टीका साथ बिक्री गर्ने कार्य भइरहेको छ । केही भारतीय व्यापारीहरूले भने नक्कली सुन भएपनि जलप हालिएको र पाँच वर्षसम्मको ग्यारेन्टी दिँदै कम दाममा बिक्री गर्दै आइरहेका छन् ।

सुनचाँदीका गहना भारतीय बजारबाट सस्तो मूल्यमा किनेर नेपालमा महँगो मूल्यमा बिक्री गरिए पनि यसमा स्थानीय प्रशासनले चासो देखाएको छैन। भारतीय व्यापारीहरूले नेपालमा पसल खोली अवैध कारोबार गरिरहेका छन्। उनीहरूबाट थुप्रै नेपाली उपभोक्ता ठगिंदै आएका छन्। सुनचाँदीको पसल थापेर बिक्री गर्दा विश्वास हुने भएकोले भारतीय व्यापारीहरूले गौरलगायतका क्षेत्रमा ठूलो सङ्ख्यामा पसल सञ्चालनमा ल्याएका छन्। नाम चलेका पसलहरूबाट सुनचाँदी खरीद गर्नुपर्नेमा कम मूल्यको लोभमा स्थानीय उपभोक्ताहरूले जथाभावी सुन खरीद गर्दै आएका कारण उनीहरू ठगिएका हुन्। कतिपय पसलहरू सुनचाँदी बिक्री गरेर बन्द पनि भएका छन्। सुन खरीद गर्नेहरूले हतपती फिर्ता नगर्ने कारणले अहिले यो व्यवसायमा वृद्धि भएको हो र ठगीका काम पनि शुरू भएको हो। सुनको मूल्य अहिले अचाक्ली बढेपछि फिर्ता गर्नेहरूलाई समस्या भएको छ। नयाँ पसलेहरूले सुन फिर्ता गर्नुपर्दा पसल बन्द गरेको बुझिन आएको छ। बिक्रीभन्दा फिर्ता गर्ने परम्परा अहिले बढेको छ । यसैको फाइदा उठाएर भारतीय नक्कली सुनको व्यापार गौरमा बढिरहेको छ । सुन तोलाको रु एक लाख ६० हजारभन्दा बढी पर्छ र चाँदी प्रतितोला दुई हजार १०० रुपैयाँमा बिक्री भइरहेको छ ।

सामान्य मानिसको पहुँचभन्दा बढी मूल्य भइसक्दा अहिले वैवाहिक कार्यक्रमहरूमा सुनचाँदीको प्रयोग कम भइरहेको छ र प्रायः माानिसहरूले भारतबाट नक्कली सुन ल्याएर वैवाहिक कार्यक्रममा प्रयोग गर्दै आइरहेका छन् ।

सुनचाँदी पसल सञ्चालनको लागि व्यावसायिकरूपमा दर्ता गर्नुपर्ने र सङ्घमा आबद्ध हुनुपर्ने भएपनि आधाभन्दा बढी सुनचाँदी पसलहरू दर्ताविना सञ्चालनमा छन् ।

नेपालीको नाममा पसल दर्ता गरी केही भारतीयहरूले पसल सञ्चालन गरिरहेका छन् । उनीहरूले नेपाली नागरिकलाई माासिक तीनदेखि पाँच हजार खर्च दिएर उनीहरूको नाममा पसल सञ्चालन गर्ने र ठगी गरेर भाग्ने गरेको पाइएको छ। पसल दर्ता भएका व्यक्तिहरू यो घटनामा फसिरहेका छन्।

भारतीय व्यापारीहरू गौरलगायतका क्षेत्रमा समूह बनाएर सुनका गरगहना बिक्री गर्दै आएका छन्। जिल्ला प्रहरी कार्यालय, रौतहटले विभिन्न पालिकाहरूमा तीन/चार जनाको समूह बनाएर महिलाहरू यो कार्यमा सक्रिय रहेको पुष्टि गरेको छ।

गौर, मिठुअवा, खेसरहिया, महादेवपट्टिलगायतका स्थानमा भारतीय महिलाहरूले विभिन्न प्रलोभन देखाइ नक्कली सुनचाँदीका गहना बिक्री गर्ने गरेको सो कार्यालयले जनाएको छ।

पायल किन्दा राइस कुकर उपहार दिने, चाँदीको बिच्छी किन्दा अर्को सित्तैमा दिने, सुनको मङ्गलसूत्र, टीका अन्य गहना किन्दा थप एउटा गहना दिने र नगद पाँच हजार छुट दिने भन्दै प्रलोभन देखाएर नेपालीहरूलाई ठग्दै आएको जिप्रका, रौतहटले जनाएको छ। यस प्रकारका गतिविधिमा संलग्न व्यक्तिहरूविरुद्ध प्रहरीलाई खबर गर्न जिप्रका, रौतहटले आह्वान गरेको छ।

## लामो विवादपछि बहुदरमाईको नगरसभा सम्पन्न

### ४९ करोड ९३ लाख ५३ हजारको बजेट प्रस्तुत

नरेश यादव, पर्सागढी, ८ कात्तिक/

पाँच महीना लामो विवादपछि बहुदरमाई नगरपालिकाको नगरसभा बिहीवार सम्पन्न भएको छ ।




तस्वीरः प्रतीक

असार १० गते सम्पन्न गर्नुपर्ने नगरसभा मसान्तसम्म विवादका कारण सम्पन्न हुन सकेन र अहिले पाँच महीना लामो समयावधिपछि आपसी सहमतिमा नगरसभा सम्पन्न भएको छ । नगरपालिकाको कार्यालय बहुअरी पिडरीमा आज आयोजित ११औं नगरसभामा उपप्रमुख सुषमा कुशवाहाले आव २०८१/८० को लागि ४९ करोड ९३ लाख ५३ हजारको बजेट प्रस्तुत गरिन्।

'बहुदरमाईवासीको रहर : स्वच्छ, सुरक्षित, समृद्ध नगर' नाराका साथ आज सम्पन्न नगरसभामा उपप्रमुख कुशवाहाले प्रस्तुत बजेटमा सङ्घीय सरकारको समानीकरण अनुदान १२ करोड २९ लाख, सशर्त अनुदान १९ करोड २९ लाख नौ हजार, विशेष अनुदान एक करोड ५० लाख र सङ्घीय सरकारको बाँडफाँड राजस्वबाट नौ करोड ७१ लाख रहेको जानकारी गराइन् । उनले प्रदेश सरकारको समानीकरण अनुदान ८९ लाख चार हजार, सशर्त अनुदान ९५ लाख, विशेष अनुदान ३० लाख, समपूरक अनुदान २० लाख, राजस्व बाँडफाँडबाट ३० लाख ४० हजार र आन्तरिक स्रोत तीन करोड ५४ लाख ६० हजार र जिल्ला समन्वय तथा अन्य निकायबाट निकास मौज्दात ४९ लाख ९४ हजार, सडक बोर्ड सशर्त अनुदान ४० लाख, स्थानीय शासन तथा सामुदायिक विकास ५० लाख गरी कुल रु ४९ करोड ९३ लाख ३३ हजारको बजेट प्रस्तुत गरेकी थिइन् ।

बजेट प्रस्तुतीकरण कार्यक्रममा नगरप्रमुख सिंहासन साह तेलीले समन्वय हुन नसकेर असार मसान्तभित्र बजेट प्रस्तुत हुन नसकेको बताए। उनले नगरको विकासको लागि सबै जनप्रतिनिधि मिलेर लाग्नुपर्नेमा जोड दिए । उनले नपाले ल्याएको नीति तथा कार्यक्रम अन्तर्गत बजेट विनियोजन भएको र शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनलगायतका क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको दाबी गरे। उनले उद्यमशीलता, सामुदायिक विद्यालयका छात्रालाई सेनिटरी प्याड वितरण, कृषि, भौतिक पूर्वाधार लगायतका विषयमा बजेट केन्द्रित रहेको बताए ।

उनकै अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफा, जिन्सी शाखा प्रमुख रामबाबू पटेल, लेखाप्रमुख उपेन्द्र साह, लेखापाल हरि पटेललगायतको सहभागिता थियो ।

## बाराको मटिअर्वा नाकाबाट कबाडको तस्करी बढ्यो

प्रस, परवानीपुर, ८ कात्तिक/

बाराको मटिअर्वा नाका भएर नेपालबाट भारततर्फ अहिले कबाडको तस्करी गर्ने गिरोह सक्रिय भएको छ । पछिल्लो तीन महीनादेखि स्थानीय सुरक्षा युनिटलाई मिलाएर तस्करीको काम भइरहेको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।



तस्वीरः प्रतीक

कबाड वस्तुमा प्लास्टिक, ब्याट्रीको धूलो, स्टील, जिङ्क, हाडलगायत वस्तुहरू ठेलामार्फत नेपालबाट भारततर्फ तस्करी भइरहेको छ। बिहान र रातिको समयमा करीब १५ जना क्यारिङ गर्ने व्यक्तिहरूले ती सामानको तस्करी गरिरहेको जनाइएको छ ।

सो क्षेत्रका श्याम कुशवाहा, मोजामिल हुसेन, मदर्सी हुसेन, कामिल हुसेन, मान्टु खान लादेनलगायतले कबाडी सामानको तस्करी गरिरहेको बुझिएको छ । प्रतिकिलो रु १२ तस्करसँग लिएर रु २ प्रहरीलाई नजराना दिएर किलोको रु १० मुनाफा लिँदै कबाडी सामानहरूको व्यापक मात्रामा तस्करी भइरहेको बुझिएको छ।

बाराका कबाड व्यवसायी स्टील किङ विजय जयसवाल, बाराको पतौरा बस्ने सोनु जयसवाल, रक्सौल बस्ने प्लास्टिक कारोबारी गुड्डु सावन, घोडासहनका हाड कारोबारी राजु साह, रामगढवाका मनोज जयसवाल, मन्जार आलम, सोहैल खानलगायतको कबाडी लाइन खुलेको प्रहरी स्रोतले जनाएको छ।

सशस्त्र प्रहरी बल मटिअर्वा बिओपीका प्रहरी नायब उपरीक्षक विदुर भट्टराई र प्रहरी चौकी मटिअर्वाको सेटिङमा कबाडी सामानहरूको तस्करी भइरहेको बताइएको छ ।

यस सन्दर्भमा सशस्त्र प्रहरी बल १२ नं हेडक्वार्टर बाराका सशस्त्र प्रहरी उपरीक्षक सन्तोष सिंहले यस्ता गुनासाहरू आएका र यसको अनुसन्धान भइरहेको बताए। सशस्त्र प्रहरीले मासिक छ लाख लिएर लाइन खोलेको भन्ने प्रश्नमा उनले ती सबै आधारहीन कुरा भएको बताए।

जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले यस विषयमा आवश्यक छानबीन हुने बताए । तस्करी मौलाउँदा एकजना क्यारियरले १० क्विन्टल माल नेपालबाट भारतको सिमाना कटाउँदा १० हजार रुपैयाँ कमाउने गरेको बताइन्छ।

मटिअर्वा छोटी भन्सार आसपासको दशगजा क्षेत्रमा गैरकानूनीरूपमा गोदाम बनाएर दिनभरि कबाड सामान सङ्कलन गर्ने तथा बिहान र रातिको समयमा भारततर्फ तस्करी हुने गरेको छ।

## प्रसौनी गाउँपालिकामा विष्णु महायज्ञको तयारी

प्रस, परवानीपुर, ८ कात्तिक/

प्रसौनी गाउँपालिका–३ ठूलो नौतनमा विष्णु महायज्ञको तयारी शुरू भएको छ। कात्तिक २६ देखि मङ्सिर ५ गतेसम्म मङ्गलेश्वरनाथ मन्दिरमा विष्णु महायज्ञ हुनेछ ।

शनिवार महायज्ञ पूजास्थलमा पूजापाठ गरी ध्वजारोहण एवं भूमिपूजन गरिएको वडाध्यक्ष छोटेलाल साह कानूले बताए । विष्णु महायज्ञ मूल समितिको आयोजनामा ध्वजारोहण एवं भूमिपूजन गरिएको उनले जानकारी दिए ।

महायज्ञको लागि बारा, पर्सालगायत भारतका विभिन्न ठाउँहरूबाट साधुसन्त लाई आमन्त्रित गरिएको छ। यज्ञकर्ताको रूपमा बारा, बहुअरीका महन्त राजेन्द्र दास वैरागी छन् भने भारतको बनारसबाट आचार्य पण्डित मुकुन्दस्वामी शास्त्रीको आगमन हुने बताइएको छ।



तस्वीरः प्रतीक

नेपालसँगै समग्र विश्वमा शान्ति, समृद्धि र कल्याणको कामना गर्दै विष्णु महायज्ञको आयोजना गर्न लागिएको विष्णु महायज्ञ मूल समितिका अध्यक्ष विश्वनाथ साह कानूले जानकारी गराएका छन् । विष्णु महायज्ञले समाजमा भएका विकृतिलाई नष्ट गर्ने र ईश्वर हरेक व्यक्तिको मनमा बस्ने र स्वचछ वातावरणको सृजना हुने विश्वास रहेको अध्यक्ष कानूले बताए ।

महायज्ञको सुरुआतको दिन कात्तिक २६ गते जलयात्राको लागि बहुअरी, ननकी नौतन हुँदै त्रिवेणी नदीबाट जल लिई प्रसौनी हुँदै महायज्ञस्थलमा फर्किने कार्यक्रम छ ।

## विचारसार र सूक्तिहरू

**आफूभित्रै कुनै शत्रु छैन भने बाहिरको शत्रुले तिम्रो केही बिगार्न सक्दैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# भ्रष्टाचार र भ्रष्टाचारी

**शक्तिको दुरुपयोग गरेर व्यक्तिगत लाभको लागि गरिने क्रियाकलाप भ्रष्टाचार हो । कुन हद पार गरे भ्रष्टाचार ठहर हुन्छ भन्ने कुरा सामान्यतया सम्बन्धित मुलुकको कानूनी मापदण्ड र व्यक्ति तथा समाजको नैतिक परिधि अनुसार हुन्छ । जहाँ कानूनी र नैतिक सीमा तथा लक्ष्मणरेखा उल्लङ्घन हुन्छ, त्यही भ्रष्टाचार हो । हुनत विद्वान्‌हरूले भ्रष्टाचारको मान्यतालाई विश्वव्यापी एउटै बनाउन विभिन्न परिभाषा दिएका छन् । त्यसैगरी, विभिन्न सन्धि, महासन्धिहरू भएका छन् । भ्रष्टाचारविरुद्ध 'संयुक्त राष्ट्र महासन्धि' (UNCAC)–सन् २००३, OECD महासन्धि–१९९७, यियुका सन्धि, अफ्रिकी सन्धिलगायत छन् । यसैगरी, विभिन्न मुलुकबीच द्विपक्षीय तथा क्षेत्रीय सन्धि, सम्झौताहरू पनि भएका छन् । यसले भ्रष्टाचारको मानक तयार गर्ने, अध्ययन–अनुसन्धान गर्ने, भ्रष्टाचार नियन्त्रणका लागि रचनात्मक अभियानका साथै कानूनी दायराहरू तयार गर्ने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गरेका छन् ।**

**सम्बन्धित मुलुकको शासन व्यवस्था, सामाजिक परिवेश, धार्मिक मान्यताहरूले पनि भ्रष्टाचारको परिभाषा र कारबाई एवं दण्ड जरिवानाको दायरा फरक पर्ने गरेको पाइन्छ । उदाहरणका लागि हाम्रा दुई छिमेकीहरूमा यसको मानक फरक छ । उत्तरी छिमेकी चीनले भ्रष्टाचारजन्य कसूरलाई जघन्य अपराध मान्छ । उसले आफ्नो मुलुक, पार्टी नीति र सिद्धान्तप्रति गद्दारी गरेकामा गम्भीर अपराध गरेको ठहर गरिन्छ । त्यसैले त्यहाँ भ्रष्टाचारीलाई मृत्युदण्ड दिनेसम्मको कानून छ । तर दक्षिणी छिमेकी भारतमा भ्रष्टाचारको अपराधलाई सुधार्न सकिने अपराधको रूपमा लिइन्छ । हाम्रो मुलुकमा त अझ त्यति पनि छैन । यहाँ जसले ठूलो भ्रष्टाचार गऱ्यो, उसैको रजगज चल्छ । भ्रष्टाचारीलाई बहिष्कार वा तिरस्कार गर्नेभन्दा पनि उसको अगाडि नतमस्तक भइदिने समाज छ । भ्रष्टाचारका प्रकार धेरै छन् । भ्रष्टाचार भइरहेको छ कि छैन भन्ने कुरा सतही हेराइ वा बुझाइले ठम्याउन सकिंदैन । आर्थिक भ्रष्टाचार, प्रशासनिक भ्रष्टाचार, राजनीतिक भ्रष्टाचार, न्यायिक भ्रष्टाचार, संरचनागत/संस्थागत भ्रष्टाचार, सामाजिक भ्रष्टाचार, नीतिगत भ्रष्टाचारलगायत छन् । आर्थिक भ्रष्टाचारका घटनाहरू केही बाहिर आए पनि अन्य भ्रष्टाचारका कुराहरू सर्वसाधारणलाई थाहा हुँदैन र बाहिर पनि आउँदैन । परिणामस्वरूप यस किसिमका भ्रष्टाचारको प्रभावले भित्रभित्रै समाजमा गहिरो नकारात्मक असर पार्छ । यसले विकासको गतिमा अवरोध गर्नुका साथै न्याय र समानता एवं कानूनी राज्यको मर्ममा ठेस पुऱ्याउँछ ।**

**हाम्रो मुलुकमा यी सबै किसिमका भ्रष्टाचार व्याप्त छन् । विश्वका सबैभन्दा भ्रष्टाचार हुने मुलुकहरूको सूचीमा नेपाल छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले गत जनवरीमा सार्वजनिक गरेको प्रतिवेदन अनुसार भ्रष्ट मुलुकको १०८औं स्थानमा नेपाल छ । अतः भ्रष्टाचार गर्नुमा विश्वका १०७ वटा मुलुकलाई नेपालले टपेको छ । तथ्याङ्क हेर्दा यहाँ पाइलापाइलामा भ्रष्टाचार व्याप्त छ भन्न सकिन्छ । तर कारबाईको अनुपात खै त ? दिनहुँ ८–१० जना भ्रष्टाचारी समातिनुपर्ने हो । यहाँ भ्रष्टाचारीको समर्थनमा राजनीतिक दल र नागरिक समाज छ । 'आफ्नालाई जोगाउँ, अरूलाई ठोकौं' भन्ने भ्रष्ट मानसिकता समाज र दलमा छ । पक्षपात गर्नेहरू पनि भ्रष्टाचारी हुन् । जबसम्म भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता हुँदैन, तबसम्म मुलुकमा सदाचारको कल्पना व्यर्थ छ ।**

# ब्रिक्सको १६औं शिखर सम्मेलन

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**ब्रिक्स सदस्य राष्ट्रहरूले १६औं सम्मेलनलाई नेताहरूको भलो गर्ने थलो मात्र नभई विश्वव्यापी शासन र आर्थिक रूपरेखालाई पुनः अधिकार दिने सामूहिक इच्छाको प्रदर्शन गर्ने स्थलको रूपमा व्याख्या गरेका छन् ।**

पश्चिमी प्रभावलाई सन्तुलन गर्न ब्रिक्स सम्मेलनमा पुटिनद्वारा ग्लोबल साउथका नेताहरूको मेजबानी गरेका छन् । रूसको शहर कजानमा हालै सम्पन्न ब्रिक्स राष्ट्रहरूको १६औं शिखर सम्मेलनमा आयोजक राष्ट्र रूसका राष्ट्रपति भ्लादिमिर पुटिनसहित भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, चीनका राष्ट्रपति सी जिनपिङ, दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामफोसालगायतका विश्व नेताहरूको सहभागिता थियो । ब्रिक्स सम्मेलनको सफलताले एकातिर रूस–युक्रेन युद्धको समाप्तिको दिशामा उत्प्रेरकको काम गर्नेछ भने अर्कोतिर रूस, भारत र चीन एकै ठाउँमा आए अमेरिका र पश्चिमी राष्ट्रहरूलाई ठूलो चुनौती मिल्ने सम्भावना पनि बढेर गएको छ ।

विश्वकै उदीयमान पाँच अर्थतन्त्र चीन, भारत, ब्रजील, रूस र दक्षिण अफ्रिकाले सन् २००९ मा अमेरिका तथा पश्चिमा देशहरूको सङ्गठन जी–७ को प्रतिस्पर्धी सङ्गठनको रूपमा ब्रिक्स गठन गरेका थिए । सङ्गठनमा पछिल्लो समय पश्चिम एशिया र उत्तर अफ्रिकाका देश थपिएका छन् । जी–७ मा क्यानडा, फ्रान्स, जर्मनी, इटली, जापान, अमेरिका, बेलायत र युरोपेली सङ्घ आबद्ध छन् ।

ब्रिक्समा आबद्ध देशमा विश्वका ४५ प्रतिशत जनसङ्ख्याको बसोबास छ भने विश्वको अर्थतन्त्रको करीब २८ प्रतिशत हिस्सा ओगटेको छ । गत जनवरीमा ब्रिक्समा सदस्य बनेका इरान, इजिप्ट, इथियोपिया, साउदी अरब र युएई सदस्य राष्ट्रको रूपमा पहिलोपटक यस सम्मेलनमा सहभागी भएका थिए भने टर्की, मलेशिया र अजरबैजानले सदस्यताका लागि आवेदन दिइसकेका छन् । अन्य केही देशहरू पनि ब्रिक्सको सदस्य बन्न चाहन्छन् । ब्रिक्स शिखर सम्मेलनलाई कतिपयले पश्चिमसँगको बढ्दो तनावबीच 'ग्लोबल साउथ'को समर्थन देखाउने र आर्थिक तथा वित्तीय सम्बन्ध विस्तार गर्ने क्रेमलिनको प्रयासको एउटा अंशको रूपमा लिएका छन् । विश्व अर्थतन्त्रमा अमेरिकी नेतृत्वको पश्चिमा खेमा बलियो रहँदै आएकोमा ब्रिक्सको उदय र विस्तारले त्यसलाई थप चुनौती दिएको छ । रूसी राष्ट्रपति पुटिनले पनि ब्रिक्स र इच्छुक देशहरूले मिलेर काम गरेको खण्डमा नयाँ विश्व व्यवस्थाको महत्त्वपूर्ण तत्त्व हुने टिप्पणी गरेका छन् ।

रूसी राष्ट्रपति पुटिनका लागि तीन दिने यो सम्मेलनले युक्रेनमा रूसको कारबाईका कारण रूसलाई एक्लाउने अमेरिका नेतृत्वको प्रयासहरूको असफलता देखाउने शक्तिशाली माध्यम पनि प्रदान गर्नेछ । साथै ब्रिक्स सम्मेलनलाई पश्चिमसँगको बढ्दो तनावबीच ग्लोबल साउथको समर्थन प्रदर्शन गर्ने र आर्थिक तथा वित्तीय सम्बन्ध विस्तार गर्न मदत गर्ने क्रेमलिनको प्रयासको रूपमा हेर्ने विशेषज्ञहरू पनि धेरै सङ्ख्यामा छन् ।

भारतको मुख्य प्रतिद्वन्द्वी चीनसँग पनि अहिले रूसको राम्रो सम्बन्ध छ तर शीतयुद्धको समयदेखि नै भारतले मस्कोलाई परीक्षित साझेदार (टेस्टेड पार्टनर)को रूपमा लिएको कारण रूससँग भारतको सहकार्य गहिरो र व्यापक छ । दुवै एकअर्काका लागि भरपर्दो तथा विश्वासिला मित्रराष्ट्र हुन् । शीतयुद्धताका चीन खुलेरै अमेरिकाको पक्षमा लागेको थियो र चीनको आर्थिक विकासमा अमेरिकाले ठूलो सहयोग गरेको थियो, अन्यथा भोकमरीका कारण चीनमा अझ लाखौं मानिस मर्ने थिए । पश्चिमी सहयोगीहरूले भारतलाई युक्रेन युद्ध अन्त्य गर्न मस्कोलाई मनाउन अझ सक्रिय हुन चाहेका छन् तर मोदीले रूसको निन्दा गर्नबाट बच्दै शान्तिपूर्ण समाधानमा जोड दिंदै आएका छन् ।

जुलाईमा रूसको भ्रमण गर्नुभएका मोदीले यो भ्रमणले दुई देशबीचको घनिष्ठ मित्रतालाई प्रतिबिम्बित गर्ने बताउनुभयो । पुटिनसँगको बैठकको शुरूमा बोल्दै उहाँले युक्रेनमा शान्तिका लागि नयाँ दिल्लीको प्रयासलाई पनि पुष्टि गर्नुभयो । पुटिनले रूस र भारतबीचको विशेषाधिकार प्राप्त रणनीतिक साझेदारीको प्रशंसा गर्नुभयो ।

अहिले विश्वको पाँचौं ठूलो अर्थव्यवस्था रहेको भारत सन् २०३० सम्म विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बन्न सक्ने प्रक्षेपण विश्वका अर्थशास्त्रीहरू, अनुसन्धानकर्ताहरू र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको पनि रहेको छ । रूस–युक्रेन युद्धका बेला अमेरिका र कतिपय देशहरूले रूसमाथि एकोहोरोरूपमा आरोप लगाउँदै आर्थिक प्रतिबन्ध लगाएको बखत पनि भारतले भने रूससितको द्विपक्षीय व्यापारलाई कम हुन दिएन, बरु अलि बढी नै कच्चा तेल खरीद गर्ने काम गऱ्यो । युक्रेनसित भारतको राम्रो सम्बन्ध छ र भारतले चाहेमा खासगरी भारतका प्रधानमन्त्री मोदीले चाहेमा रूस–युक्रेन युद्धको अन्त्य हुन सक्छ ।

ब्रिक्स सदस्य राष्ट्रहरूले १६औं सम्मेलनलाई नेताहरूको भलो गर्ने थलो मात्र नभई विश्वव्यापी शासन र आर्थिक रूपरेखालाई पुनः अधिकार दिने सामूहिक इच्छाको प्रदर्शन गर्ने स्थलको रूपमा व्याख्या गरेका छन् । सम्मेलनका क्रममा सदस्य राष्ट्रहरूले आपसी आर्थिक सहयोग र वैकल्पिक भुक्तानी प्रणालीजस्ता मुद्दामा छलफल गरे ।

स्पष्ट एकताका बावजूद ब्रिक्सका सदस्य राष्ट्रहरूबीच भने अन्तरनिहित तनावहरू जारी छन् । सदस्य राष्ट्रहरूका आआफ्ना फरक रणनीतिक प्रणाली र आर्थिक रणनीतिका कारण पनि त्यस्ता तनाव अन्त्य गर्न कठिन हुने गरेको छ । खासगरी भारत र चीनबीचको ऐतिहासिक सीमा विवाद जारी रहेको पृष्ठभूमिमा पश्चिमी प्रभावविरुद्ध एकजुट हुन चुनौती खडा गरेको मानिन्छ ।

यद्यपि भारतको लद्दाखमा सिमाना विवादका कारण भारत र चीनबीच पछिल्लो चार वर्षदेखि जारी सैन्य तनाव अन्त्य हुने अवस्थामा पुगेको छ । भारतीय र चिनियाँ पक्षको बयानले पनि सङ्केत गर्छ कि लद्दाखको देपसांग र डेमचोकको स्थितिलाई लिएर उत्पन्न विवादमा अब दुवै देशबीच सहमति कायम भएको छ । भारतका विदेशमन्त्री एस जयशङ्करले पनि सङ्केत दिएका छन् कि यी दुवै क्षेत्रमा दुवै पक्षले आआफ्ना सेनालाई सन् २०२० को अप्रिलभन्दा अघिको स्थितिमा लैजान र चीनको नियन्त्रणमा रहेको विवादास्पद क्षेत्रमा भारतको सेनाको गस्ती हुन सक्नेछ । उनले विश्वास व्यक्त गरे कि चाँडै चिनियाँ सैनिकहरू त्यस ठाउँबाट पुरानो ठाउँमा फिर्ता जानेछन् । गलवान उपत्यका क्षेत्रमा सन् २०२० को अप्रिलतिर भएको दुवै देशका सेनाबीचको भिडन्तमा दुवै देशका डेढ/दुई दर्जन जति सेनाले ज्यान गुमाएका थिए । त्यसपछि उत्पन्न तनावका कारण दुवै देशबीच खासै व्यापार हुन सकेको थिएन । हाल चीन र भारतबीचको तिक्ततापूर्ण सम्बन्धमा कमी आउन थालेको छ । सिमाना विवाद पनि सामान्य अवस्थामा फर्कन थालेको छ । दुवै देशका नेताले ब्रिक्स सम्मेलनमा हात पनि मिलाए । ब्रिक्स सम्मेलनको एउटा ठूलो सफलता त मोदी र जिनपिङले एकअर्कासित हात मिलाउनु पनि थियो ।

# आमा सम्झाउने 'मातृचक्र'

म्याग्दी, ८ कात्तिक/रासस

सङ्घर्ष, माया र ममताको प्रतिमूर्ति आमा शब्द सबैलाई प्रिय लाग्छ । प्राणीजगत्‌मा आमाको स्थान सबैभन्दा माथि छ । आमा शब्द भावनासँग जोडिएको छ । आमाबारे धेरै साहित्य लेखिएका छन् ।

मुस्ताङमा यस्तो अनौठो ठाउँ छ, जहाँ ढुङ्गामा आमाको सम्मान र स्मृतिमा शब्द खर्चन, भावना व्यक्त गर्न पाइन्छ । त्यो स्थान हो, मुस्ताङको घरपझ्ोङ गाउँपालिका–४ जोमसोमस्थित 'मातृचक्र' पर्खाल । "म कसरी हार मानौं, मेरो अगाडि दुःखको पहाड भए तापनि मेरो सफलता कुरेर बसेकी छन्, मेरी प्यारी आमा," आमाको सम्मानमा मातृचक्र पर्खालको एउटा ढुङ्गामा म्याग्दीकी स्मृति मगरले लेखेकी छन् ।

सेतो रङ्ग लगाइएको गोलो चक्र आकारको पर्खालका ढुङ्गामा रातो अक्षरमा आमाप्रति समर्पित भएर लेखिएका यी र यस्तै भावका शब्दावली देखिन्छन् । यस स्थललाई घरपझ्ोङ गाउँपालिकाले पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न काम थालेको छ ।

घरपझ्ोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले 'मातृचक्र'को अवधारणा नेपालमैं नयाँ र अनौठो भएकोले पर्यटकलाई आकर्षित गर्न सकिने बताउँछन् । "जीवनका विभिन्न कालखण्ड र आमाका सङ्घर्षको कल्पना गर्दै पर्खालभित्र फन्को लगाइने भएकाले यसको नामकरण मातृचक्र गरिएको हो"–उनी भन्छन्–"आमाको गर्भभित्र हुँदाको कल्पना गरेर पर्खाल वरपर फन्को लगाउन सकिन्छ ।"

### यस्तो छ मातृचक्र

कोशी प्रदेशको धरानमा बाँसको रूखमा प्रेमका शब्द लेख्ने चलन छ । आमाको सम्मान र सम्झना गर्ने ठाउँ जोमसोमबाहेक कतै नभएको अध्यक्ष लालचन बताउँछन् । आठवटा ढुङ्गे



पर्खालको चक्र भएको यस ठाउँमा फन्को लगाउन करीब २० मिनेट लाग्छ । टाढाबाट हेर्दा मातृचक्रको पर्खाल विश्वमा कालीगण्डकी नदीमा मात्र पाइने शालिग्राम जस्तो पनि देखिन्छ ।

बीच भागमा हिंड्न मिल्ने बाटो छाडेर बनाइएको मातृचक्र गोलो आकारको छ । नकुँदेका ढुङ्गा चिनेर पर्खाल बनाइएको छ । पर्खालभित्र छिर्ने र निस्कने एउटै प्रवेशद्वार छ । एक ठाउँबाट छिरेपछि सबै भाग घुमेर सोही ठाउँमा आई बाहिर निस्कन सकिन्छ । फन्को लगाउने क्रममा आमालाई दिएका दुःखको क्षमा माग्न, आमालाई धन्यवाद दिन र पुकार गर्न पाइन्छ । फन्को लगाएपछि फर्कने बेलामा ढुङ्गामा शब्द लेख्न पाइन्छ ।

"आमाप्रति सधैं कृतज्ञ छु"–सचिन नाम गरेका झापाका व्यक्तिले ढुङ्गामा लेखेका छन् । म्याग्दीका विष्णु शर्माले अनौठो र आश्चर्य लागेर आमाको सम्मान र सम्झनाका लागि मातृचक्र पुगेको बताए ।

करीब २० वर्ष अघि एकजना जर्मन नागरिकले बनाएको गोलो आकारको पर्खाल यस अघि उपयोग र संरक्षण भएको थिएन । गाउँपालिकाले हालै पर्खालको भित्री भागमा रातो र बाहिरी भागमा सेतो रङ लगाएको छ । रङ्गरोगन गरेपछि मातृचक्र आकर्षक देखिएको छ । घरपझ्ोङ गाउँपालिकाको कार्यालयदेखि पाँच मिनेट पैदलयात्रापछि जोमसोम बजारको छेउमा रहेको मातृचत्र पुगिन्छ । बेनी–जोमसोम–कोरला सडकबाट पनि मातृचक्र देखिन्छ ।

### कृषि पर्यटनका लागि उद्यान

घरपझ्ोङ गाउँपालिकाको नाममा रहेको जग्गामा अवस्थित मातृचक्र र वरपरको क्षेत्रमा पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि चालू आर्थिक वर्षमा रु ५० लाख विनियोजन भएको छ । मातृचक्रनजीकै मुस्ताङमा पाइने सबै प्रजातिका स्याउको बगैंचा स्थापनाको तयारी भइरहेको अध्यक्ष लालचनले बताए ।

कृषि पर्यटनको अवधारणा अनुसार घरपझ्ोङले स्याउखेतीलाई पर्यटनसँग जोड्ने प्रयासमा विभिन्न कार्यक्रम गर्दै आएको छ । 'मिनी मुस्ताङ'को अवधारणा अनुसार उद्यान बनाउने उद्देश्यले अघिल्लो कार्यकालमा सो ठाउँमा पर्खाल लगाएर घेराबार गरिएको थियो । पछिल्लो कार्यकालका जनप्रतिनिधिले मिनी मुस्ताङको योजना सफल नभएकोले त्यस ठाउँमा स्याउ उद्यान बनाउने तयारी गरिएको जनाएका छन् ।

# लामिछानेलाई थप सातदिन हिरासतमा राख्न अनुमति

गण्डकी, ८ कात्तिक/रासस

सहकारीको बचत रकम अपचलनको आरोपमा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अदालतले अनुमति दिएको छ ।

जिल्ला अदालत कास्कीका न्यायाधीश चन्द्रकान्त पौडेलको इजालसले सभापति लामिछानेलाई थप सात दिन प्रहरी हिरासतमा राखेर अनुसन्धान गर्न बिहीवार अनुमति दिएको जिल्ला अदालत कास्कीका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिए ।

यही कात्तिक २ गते पक्राउ परेका पूर्व उपप्रधान एवं गृहमन्त्री लामिछानेमाथि यस अघि छ दिनको म्याद थप गरी अनुसन्धान जारी रहेको अवस्थामा पुनः म्याद थप भएको छ ।

यसैगरी, सहकारीको बचत रकम अपचलनकै आरोपमा गत असोज ६ गते पक्राउ परेका पूर्व प्रहरी नायब महानिरीक्षक छविलाल जोशीलाई थप सात दिन हिरासतमा राखी अनुसन्धान गर्न अदालतले अनुमति दिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## असुरक्षित हुने स्थितिमा वैदेशिक रोजगार

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**इजराइल–फिलिस्तिन युद्धका कारण भोलिका दिनमा, खाडीका देशहरूमा काम गर्न असुरक्षित रहेको भन्दै ठूलो सङ्ख्यामा नेपाली कामदारहरू स्वदेश फर्के के गर्ने ? यो प्रश्नको उत्तर सम्बन्धित पक्षले तत्काल खोज्न आवश्यक छ । यसका लागि एउटा रणनीति तयार गर्न आवश्यक छ ।**

खाडीका देशहरूमा काम गरिरहेका नेपाली कामदारहरूको स्थिति अहिले सुरक्षित देखिए तापनि भोलिका दिनमा के होला भन्न सकिने स्थिति छैन । भोलिका दिनमा ज्यादै असुरक्षित पनि हुन सक्छ। नेपाली कामदारहरू खाडीका देशहरूबाट असुरक्षाको कारण फर्किनुपर्ने स्थिति उत्पन्न हुन पनि सक्छ । धेरै नेपाली युवाहरू एकैपटक नेपाल फर्कमा नेपालमा रोजगारको महासङ्कट उत्पन्न हुन सक्छ। एकातिर नेपालमा रोजगार छैन। अर्कोतिर ठूलो सङ्ख्यामा नेपाली युवाहरू खाडीका देशहरूमा उत्पन्न असुरक्षाका कारण नेपाल फर्कमा नेपाली युवाहरूको भविष्य कस्तो होला ? नेपालको नै पनि, आर्थिक स्थिति कस्तो होला ?

खाडीका देशहरूमा रहेका नेपाली कामदारहरूबारे, उनीहरू नेपाल फर्किने स्थिति आएमा त्यस समस्याको सामना कसरी गर्नेबारे सरकारसँग कुनै किसिमको सोच रहेको देखिएको छैन। योजनाको त कुरा परै जाओस्, अहिले खाडीका देशहरूमा निर्धक्कको शान्ति देखिए तापनि भोलिका दिनमा इजराइल–लेबनान सम्बन्ध खराब भएर वा इजराइल–इरान सम्बन्ध कटु शत्रुतामा बदलिएर यो क्षेत्रमा कुनै पनि बेला घमासान युद्ध हुने ठूलो खतरा छ । र यदि युद्ध भएमा त्यो युद्धले साउदी अरेबिया, कतार, ओमान, बहरेन, युनाइटेट अरब इमिरेट्सजस्ता देशहरूलाई पनि प्रभावित गर्न सक्ने स्थिति छ। यी देशहरूमा नेपालीहरू ठूलो सङ्ख्यामा कार्यरत छन् ।

अहिले खाडीका देशहरूमा लगभग १८ लाख नेपाली कार्यरत रहेको अनुमान गरिएको छ । खाडीका देशहरूमा, मुख्यगरी युवाहरू ठूलो सङ्ख्यामा कामदारको रूपमा रहेको विश्वास गरिएको छ। यदि इरान र इजराइल प्रत्यक्षरूपमा आमनेसामाने भएर युद्ध गर्न युद्ध मैदानमा आएमा, खाडीका देशहरू काम गर्नका लागि नेपालीहरूको लगि अति असुरक्षित भएमा र असुरक्षाका कारण नेपालीहरू स्वदेश फर्किनुपर्ने स्थिति भएमा, मुख्यगरी नेपाली युवाहरूको भविष्य कस्तो होला ? अहिलेको सरकारले, भविष्यमा आउने सरकारले र प्रत्येक राजनीतिक दलले यस विषयमा गम्भीरतापूर्वक सोच्न आवश्यक छ। यस बारे जनस्तरमा पनि सोच्न आवश्यक छ।

इजराइल– इरान युद्ध नहुन पनि सक्छ र युद्ध कुनै बेला हुन पनि सक्छ। प्रथम विश्वयुद्ध समाप्त भएपछि संसार भरिका मानिसले अब युद्ध हुँदैन भनेका थिए। मानिस युद्धबाट थाकेर शान्तिको पथमा लागेको भनेका थिए। प्रथम विश्व युद्धको हृदयविदारक दृश्य देखेका व्यक्तिहरूले अब कहिले पनि युद्ध हुँदैन भनी ठोकुवा गरेका थिए । र त्यो ठोकुवामाथि धेरैले विश्वास पनि गरेका थिए। तर धेरै विश्वासमा घात भयो। दोस्रो विश्वयुद्ध भयो। दोस्रो विश्वयुद्धले झन् धेरै जनधनको क्षति गऱ्यो। करीब ४ करोड व्यक्तिको ज्यान लियो।

अब युद्ध हुन सक्ने वा नसक्ने सम्भावनाबारे चर्चा गरौं। फिलिस्तिनी क्षेत्रभित्र रहेर इरानको लगि इजराइलसँग परोक्ष युद्ध गरिरहेको लडाकू सङ्गठन 'हमास' र लेबेनानभित्र रहेर इरानको लागि परोक्ष युद्ध गरिरहेको लडाकू सङ्गठन 'हेजबुल्लाह', यी दुवै इजराइल विरोधी सङ्गठनलाई सधैंका लागि समाप्त नपारेसम्म, पुनः कहिले उठ्न नसक्नेगरी धूलो नपारेसम्म युद्ध जारी राख्ने घोषण इजराइलले गरेको छ। अर्कोतिर हमास र हेजबुल्लाहलाई निरन्तर सहयोग गर्न इरान कटिबद्ध छ । हेजबुल्लाह र हमासप्रति आफ्नो पूर्ण समर्थन रहेको प्रदर्शन गर्न इरानले केही दिन पहिले मात्र करीब २०० मिसाइल इजराइलको विभिन्न स्थानहरूमा प्रहार गरेको थियो। अक्टोबर १, २०२४ मा इरानले प्रहार गरेको ती बेलेस्टिक मिसाइलहरूले इजराइलमा ठूलो जनधनको क्षति नगराए पनि हेजबुल्लाह र हमासप्रति आफ्नो पूर्ण समर्थन रहेको प्रस्ट पारेको थियो। यी दुई सङ्गठनमाथि इजराइल खनिएमा चुप लागेर नबस्ने र इजराइलमाथि प्रत्याकरण गर्ने भनी प्रस्ट पारेको थियो। इरान, हेजबुल्लाह र हमासलाई प्रयोग गरेर मध्यपूर्वको महाशक्ति हुने उद्देश्य राख्दछ र त्यस उद्देश्य पूर्तिका लागि सके इजराइललाई समाप्त पार्ने, नसके इजराइललाई निरन्तर कमजोर पार्ने रणनीतिमा इरान रहेको छ। फिलिस्तिनी र इजराइल युद्धले आफूलाई कुनै ठूलो आर्थिक र सुरक्षा क्षति नपुग्ने देखेर इरान इजराइल–फिलिस्तिनी युद्ध समाप्त नहोस् भन्ने चाहन्छ । निरन्तर जारी रहोस् भन्ने चाहन्छ।

इजराइलको पछाडि ढाल बनेर अमेरिका उभिएको छ। अमेरिका मात्र होइन, युरोपियन युनियनका सदस्य राष्ट्रलगायत संसारका अन्य शक्तिशाली राष्ट्रहरू पनि इजराइलाई सामरिक र आर्थिक सहयोग गर्न तयार छन्। बाह्य सहयोगले गर्दा इजराइल कुनै पनि किसिमले, समारिक र आर्थिकरूपमा कमजोर देखिएको छैन। इजराइल आफैं पनि शक्तिशाली राष्ट्र हो। हात हतियारले सुसज्जित राष्ट्र हो।

एकातिर युक्रेनसँग निरन्तर युद्ध गरेको कारण रूस केही कमजोर हुन पुगेको छ । र यस्तो बेलामा उसलाई कुनै भरपर्दो सहयोगीको खाँचो छ । अर्कोतिर इराजइललाई तह लगाउन इरानलाई थप शक्तिको आवश्यकता छ। र त्यो थप शक्ति रूसबाट प्राप्त हुने कुरामा इरान ढुक्क छ। यसरी रूसको अगुवाइमा इरानसहित क्युबा, भनेजुएला, उत्तर कोरियाजस्ता देशहरूको एउटा बलियो खेमा निर्माण भएको छ। उत्तर कोरियाले रूसको पक्षमा युक्रेनसँग युद्ध गर्न आफ्ना हजारौ सैनिक रूस पठाएको खबर केही दिन पहिले मात्र प्रकाशित भएको थियो।

विश्व अहिले दुई खेमामा विभाजित रहेको स्थितिमा इजराइल र इरानबीच प्रत्यक्ष युद्ध हुन सक्ने, त्यो युद्धले खाडीका देशहरू प्रभावित हुने, खाडीका देशहरू प्रभावित भएको कारणले कार्यस्थल अति जोखिमपूर्ण भएको भन्दै लाखौंको सङ्ख्यामा नेपाली कामदारहरू खाडी मुलुकहरूबाट नेपाल फर्किने सम्भावनालाई नकार्न सकिंदैन । अहिले इजराइल र इरानको सम्बन्ध कटुतापूर्ण रहेको र भोलिका दिनमा झनै अति शत्रुतापूर्ण हुन सक्ने देखिएकोले, खाडीका देशहरू नेपाली कामदारहरूका लागि सुरक्षित हुनेछ भनी ठोकुवा गर्न सकिंदैन।

अक्टोबर ७, २०२३ का दिन हमासका लडाकूहरूले इजराइलभित्र प्रवेश गरेर सयौंको सङ्ख्यामा इजराइलीलगायत विदेशीहरूको हत्या गरेका थिए। सयौंलाई बन्दी पनि बनाएका थिए। हमासको त्यो कारबाईमा इजराइलमा रहेका केही (दशभन्दा बढी) नेपाली कामदारहरू पनि मारिएका थिए। केही नेपाली कामदारहरू उनीहरूद्वारा बन्दी पनि बनाइएका थिए। बन्दी बनाइएका नेपाली कामदारहरू हालसम्म हमासको कब्जाबाट छुटेका छैनन्।

इजराइल–फिलिस्तिन युद्धका कारण भोलिका दिनमा, खाडीका देशहरूमा काम गर्न असुरक्षित रहेको भन्दै ठूलो सङ्ख्यामा नेपाली कामदारहरू स्वदेश फर्के के गर्ने ? यो प्रश्नको उत्तर सम्बन्धित पक्षले तत्काल खोज्न आवश्यक छ । नेपाल फर्केका कामदारहरूलाई नेपालमा कसरी रोजगार उपलब्ध गराउनेबारे एउटा रणनीति तयार गर्न आवश्यक छ। एउटा लघुकालीन र एक दीर्घकालीन योजना निर्माण गर्न आवश्यक छ।

यो समस्यालाई केवल सङ्घीय सरकारको समस्या मानेर प्रादेशिक र स्थानीय सरकार चुप लागेर बस्नु ठूलो भूल हुनेछ । स्वदेश फर्केका नेपाली कामदारहरूलाई स्थानीयस्तरमा कसरी रोजगार दिने भन्नेबारे प्रादेशिक र स्थानीय सरकारहरूले पनि गम्भीरतापूर्वक सोच्न आवश्यक छ।

सबैभन्दा ठूलो कुरा त आफ्ना देशका नागरिकलाई स्वदेशमा नै रोजगार उपलब्ध गराउनु उत्तम हो। रोजगारको लागि विदेश जाने पर्ने बाध्यता अन्त्य हुनु हो । आशा गरौं, यो समस्यालाई सबै तहका सरकारहरूले गम्भीरतापूर्वक लिनेछन्।



वीरगंजको घण्टाघरनजीकै बेच्न राखिएका माटाका भाँडाकुँडा। तस्वीर: नितेश कर्ण

## अब पेट्रोल पनि पाइपलाइनबाट

वीरगंज, ८ कात्तिक/रासस



तस्वीर: फाइल

नेपाल–भारत अन्तर्देशीय पेट्रोलियम पाइपलाइनबाट अबको डेढ महीनामा पेट्रोल पनि आयात हुने भएको छ।

मोतिहारी–अमलेखगंज परियोजना अन्तर्गत नेपाल आयल निगमले गत असोज १७ गते ५,५०० किलोलिटर पेट्रोल पाइपलाइनबाट ल्याएर प्राविधिक परीक्षण गरिरहेको छ। अमलेखगंजस्थित निगम प्रादेशिक कार्यालयका प्रमुख प्रलयङ्कर आचार्यले मोतिहारी–अमलेखगंज पेट्रोलियम पाइपलाइन परियोजना अन्तर्गत दोस्रो चरणको पूर्वाधार निर्माण पूरा भएसँगै परीक्षणको काम पारम्भ भएको जानकारी दिए।

"दोस्रो चरण अन्तर्गतका ठूला पूर्वाधार निर्माणका सबै काम पूरा भएको छ"–उनले भने–"गत असोज १७ गते पाइपलाइपबाट परीक्षणका लागि ५,५०० किलोलिटर पेट्रोल ल्याएर जडान भएका उपकरणको प्रभावकारिता परीक्षण गरिरहेका छौं। सम्भवतः डेढ महीनाभित्र परीक्षण पूरा गरेर डिजेलजस्तै पेट्रोल पनि व्यावसायिकरूपमा पाइपलाइनबाटै ल्याइनेछ।"

परियोजनाको दोस्रो चरण अन्तर्गत ४,१०० किलोलिटर क्षमताका दुईवटा पेट्रोलका टङ्कीलगायत पूर्वाधार निर्माण सम्पन्न भइसकेका छन् । "निगमले दोस्रो चरणको परियोजना अन्तर्गत निर्माण गरेका उपकरण तथा पूर्वाधारको प्राविधिक जाँचको काम तीव्र बनाइरहेको छ । दोस्रो चरण अन्तर्गत जडान भएका पेट्रोलका टङ्की, मोटर, पम्प, पाइपलाइन, स्वचालित पेट्रोल भर्ने स्टेशनलगायत प्राविधिक पक्षको पनि परीक्षण भइरहेको छ"–कार्यालय प्रमुख आचार्यले भने।

निगमका अनुसार पेट्रोल पाइप लाइनबाट ल्याएसँगै ढुवानी खर्चको लागत प्रतिलिटर रु तीनका दरले एक अर्ब जोगिनेछ । "हाल पेट्रोल र मटीतेल भारतको बरौनीबाट टयाङ्करमा ढुवानी हुँदै आएको छ"–उनले भने–"पाइपलाइनबाट पेट्रोल ल्याउँदा ढुवानी खर्च र वातावरण प्रदूषण दुवै जोगिने छ।" डिजेल भने पाइपलाइनबाटै आयात भइरहेको छ।

निगमका अनुसार पम्पहाउस, अत्याधुनिक प्रयोगशाला, 'फायरफाइटिङ सिस्टम' स्तरोन्नति, 'आयल वाटर स्प्रे', 'पिएमससिसी रूम'लगायत पूर्वाधार निर्माण भएको छ। अमलेखगंजमा निगम र भारतीय पक्षले विभिन्न पूर्वाधार निर्माणको जिम्मेवारी पाएका थिए । निगमले दोस्रो परियोजना कार्यान्वयनका लागि एक अर्ब ५४ करोड भारु खर्चेर ४,१०० किलोलिटर क्षमताको पेट्रोल टङ्की, अत्याधुनिक प्रयोगशाला, फायरफाइटिङ सिस्टमको स्तरोन्नति र २४ वटा पूर्णरूपमा स्वचालित पेट्रोल भर्ने स्टेशन निर्माणको काम अघि सारेको थियो।

इन्डियन आयल कर्पोरेशन लिमिटेडले पनि ६० करोड भारु खर्च गरेर ४,१०० किलोलिटर क्षमताको टङ्की, २५० किलोलिटर क्षमताका दुईवटा ट्रान्समिक्स टङ्की, ३,००० किलोलिटर क्षमताको दुईवटा फायरवाटर टङ्की निर्माणको जिम्मेवारी लिएको थियो । सन् २०१५ मा पाइपलाइन विस्तारका लागि पहिलो र दोस्रो चरणमा गरेर दुई अर्ब ७५ करोड भारु लाग्ने अनुमान थियो। सो योजना अनुसार पहिलो चरणमा भारतीय पक्षले दुई अर्ब भारु र दोस्रो चरणमा नेपालको तर्फबाट ७५ करोड भारु खर्च गर्ने योजना थियो।

पहिलो चरणको पूर्वाधार निर्माण योजनामा भारतको तर्फबाट दुई अर्ब भारु खर्च भएपनि दोस्रो चरणको काम तत्कालै शुरू हुन सकेन । दोस्रो चरणको पाइपलाइन विस्तारको लागत बढेर भारु एक अर्ब ५४ करोड पुगेको छ। पहिलो चरणको काम सम्पन्न भई विसं २०७६ भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेल आयात भइरहेको निगमले जनाएको छ।

## नेप्से परिसूचक १८ अङ्कले ओरालो लाग्यो

काठमाडौं, ८ कात्तिक/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १८ दशमलव २५ अङ्कले ओरालो लागेर दुई हजार ६२७ दशमलव १४ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ९९ अङ्कले ओरालो लागेर ४७४ दशमलव २६ मा सीमित भएको छ। कारोबार भएका १३ उपसमूहमध्ये जलविद्युत् उपसमूहको मात्रै शेयर मूल्यमा वृद्धि भएको छ।

कुल एक करोड २२ लाख ८३ हजार ६२३ कित्ता शेयर रु पाँच अर्ब ४१ करोड ९१ लाख चार हजार १५७ मूल्यमा कारोबार भएको छ। नेप्सेका अनुसार नेपाल एसबिआई बैंक नौ दशमलव ७५, पिपल्स पावर सात दशमलव ८८, सनराइज ब्ल्यूचिप फन्ड सात दशमलव ६७, समृद्धि फाइनान्स कम्पनी छ दशमलव १८ र आरबिबी म्युचुअल फन्ड–एकका लगानीकर्ताले छ दशमलव शून्य एक प्रतिशतले कमाएका छन्।

रावा इनर्जी १०, एनआइबिएल समृद्धि फन्ड–दोस्रो पाँच दशमलव ७३, कर्पोरेट डेभलपमेन्ट बैंक चार दशमलव ९०, गुडविल फाइनान्स चार दशमलव ५१ र सुपरमाई हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव २१ प्रतिशतले गुमाएका छन्।

# सुधारोन्मुख अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**विश्व बैंक र आइएमएफजस्ता संस्थाले चालू आर्थिक वर्षको आर्थिक वृद्धिदर पाँच प्रतिशतभन्दा माथि हुने प्रक्षेपण गरेका छन् । यस हिसाबले बाह्य क्षेत्र सुदृढ अवस्थामा देखिन्छ । अर्थतन्त्रका धेरै पक्षमा सुधार भए पनि अहिलेको मुख्य चुनौती भनेको नै माग बढाउनु हो ।**

प्रमुख दुई ठूला राजनीतिक दल नेपाली काङ्ग्रेस र नेकपा (एमाले) बीच राजनीतिक समझदारीका आधारमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष तथा संसदीय दलका नेता केपीशर्मा ओलीको नेतृत्वमा सरकार गठन भएपछि शिथिल अवस्थामा रहेको अर्थतन्त्रमा सुधारका केही सङ्केत देखा पर्न थालेका छन् । अर्थतन्त्रमा देखिएको शिथिलता अन्त्य गर्ने लक्ष्यसहित गठन भएको नयाँ सरकारको सय दिनमा अर्थतन्त्र सकारात्मक देखिन थालेको हो । घट्दो विदेशी मुद्रा सञ्चिति, उच्च ब्याजदर र मुद्रास्फीति, खुम्चिंदो माग, खस्किंदो सेयर तथा घरजग्गा कारोबार जस्ता परिस्थितिले करीब तीन वर्ष शिथिल बनेको अर्थतन्त्रका बृहत् सूचक यति बेला सुदृढ अवस्थामा देखिएका छन् । विदेशी मुद्रा ऐतिहासिकरूपमैं सर्वाधिक सञ्चित छ, जसबाट १३ महीनाको वस्तु तथा सेवा आयात गर्न सकिने अवस्था छ । औसतमा १२ प्रतिशतसम्म पुगेको ब्याजदर घटेर छ प्रतिशतमैं कर्जा पाउने अवस्था बनेको छ । मुद्रास्फीति लक्ष्यभित्रै अर्थात् ४.५ प्रतिशत हाराहारीमा छ । नीतिगत लचकताका कारण सेयर बजार १,९०० बाट ३,००० को विन्दुसम्म पुग्न सफल भएको छ । घरजग्गा कारोबारलाई सहज हुनेगरी कित्ताकाट व्यावहारिक बनाइएको छ । लक्ष्य अनुसार खर्च नहुने निरन्तरतामा सुधार आएको छ । पूँजीगत खर्च बढाउन सरकारले केही सार्थक पहल शुरू गरेको छ । शिथिल अर्थतन्त्रका कारण खस्किएको निजी क्षेत्रको आत्मबल बढाउन सहकार्यको प्रयास मात्रै शुरू भएको छैन, अर्थतन्त्रलाई संरचनात्मकरूपमैं सुधार गर्न सरकारले उच्चस्तरीय समिति गठन गरी काम अघि बढाइएको छ ।

वर्तमान सरकारले अर्थतन्त्र सुधारलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको छ । अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय आयोग आवश्यक रहेको निजी क्षेत्रको मागलाई समेत सम्बोधन गर्दै सरकारले २०८१ असोज २२ गते अर्थ मन्त्रालयका पूर्वसचिव रामेश्वर खनालको संयोजकत्वमा उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेको थियो । नेपालको अर्थतन्त्रमा गुणात्मक सुधार ल्याउन सरकारलाई सुझाव दिनेगरी गठन गरिएको आयोगका सदस्यहरूमा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा रामप्रसाद ज्ञवाली, अर्थविद् डा. विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल छन् । आयोगले अर्थतन्त्रको समस्या, चुनौती पहिचान गरी त्यसको समाधान गर्ने ठोस उपायसहितको प्रतिवेदन सरकारलाई दिने छ । यति बेला अर्थतन्त्रका धेरै सूचकहरू सुदृढ अवस्थामा देखिएका छन् । बहुवर्षीय ठेक्का प्रक्रियामा विद्यमान समस्या समाधान गरी थप व्यवस्थित र कार्यान्वयनयोग्य बनाउनेतर्फ पनि सरकारले आवश्यक पहल शुरू गरेको छ । योजनाहरूको प्राथमिकीकरण गरेर बजेट विनियोजन र कार्यान्वयन योग्य बनाउने प्रयास पनि सरकारको छ । राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रीय द्रुत गश्ती टोली गठन गरी परिचालनको काम शुरू गरेको छ भने अन्तःशुल्क चुहावट नियन्त्रणका लागि मदिरा, बियर, चुरोट, सुर्तीजन्य वस्तु, इनर्जी ड्रिंक्स र जुसको व्यावसायिक उत्पादन गर्ने एक सयभन्दा बढी उद्योग प्रतिष्ठानको स्थलगत निरीक्षण तथा अनुगमनसमेत गरिएको छ ।

अर्थ प्रशासनसँग सम्बन्धित पूर्वाधार निर्माण र प्रक्रिया सरलीकरणमा पनि केही उल्लेखनीय काम भएको अर्थ मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार तातोपानी भन्सार कार्यालयमा लगेज तथा भेहिकल स्क्यानर मेशीनको प्रयोग शुरू भएको छ भने वीरगंज, भैरहवा र नेपालगंज भन्सार कार्यालयमा ल्याब मोडुल शुरू भएको छ । वार्षिक २५ करोड रुपियाँभन्दा बढीको कारोबार गर्ने चार सयभन्दा बढी करदाताको कारोबारलाई केन्द्रीय बीजक अनुगमन प्रणालीमा आबद्ध गरिएको छ । अर्थतन्त्र सुधार तथा आर्थिक प्रशासनलाई सहज र सरल बनाउने उद्देश्यसहित अर्थ मन्त्रालयले नयाँ बीमा विनियमावली, २०८१ र धितोपत्र निष्कासन तथा कारोबारसम्बन्धी नियमावली, २०८१ तर्जुमा गरेर मन्त्रिपरिषद्मा पेश गरेको छ । आन्तरिक राजस्व बढाउने उद्देश्यसहित तयार गरिएको आन्तरिक राजस्व परिचालन रणनीति, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । भन्सार मूल्याङ्कनलाई यथार्थ कारोबार मूल्यमा आधारित बनाउन रणनीति तयार गरेर लागू गरिएको छ । भन्सार प्रक्रिया सरलीकरणका लागि तयार गरिएको भन्सार महसूल नियमावली, २०८१ र सार्वजनिक संस्थामा ऋण तथा लगानीसम्बन्धी नीति तर्जुमा गरी मन्त्रिपरिषद्मा पेश गरिएको छ । आन्तरिक ऋण निष्कासन तथा व्यवस्थापन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को संशोधन विधेयक सङ्घीय संसद्मा पेश भएको छ । आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८१ तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश भएको छ । यस अवधिमा हस्तान्तरण मूल्यसम्बन्धी निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकिएको छ ।

यसबाहेक दोस्रो वित्तीय क्षेत्र रणनीति निर्माणको काम पनि मन्त्रालयले शुरू गरेको छ । समग्रमा अर्थतन्त्रमा सुधारका लागि सरकारले अर्थ मन्त्रालयसँग सम्बन्धित एक दर्जनभन्दा बढी नीतिगत सुधारका काम अगाडि बढाएको छ । सरकारले विनियोजन गरेको बजेट अनुसार खर्च गर्न नसक्ने विगतको अवस्थाभन्दा चालू आर्थिक वर्षमा केही सुधार आएको देखिन्छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार चालू आवको पहिलो तीन महीनामा सरकारले तीन खर्ब २९ अर्ब रुपियाँ खर्च गरेको छ । गत आर्थिक वर्षको सोही अवधिमा सरकारको खर्च दुई खर्ब ८० अर्ब रुपियाँ मात्र थियो । यसैगरी सरकारले चालू आवको पहिलो तीन महीनामा दुई खर्ब २९ अर्ब चालू खर्च र २९ अर्ब ३७ करोड रुपियाँ पूँजीगत खर्च गरेको छ । विकास निर्माणका गतिविधिमा हुने यस्तो खर्च गत आवको पहिलो तीन महीनामा १७ अर्ब ८३ करोड रुपियाँ मात्र थियो । यस हिसाबले पूँजीगत खर्च क्षमता चालू आवमा उल्लेख्य बढेको देखिन्छ । त्यस्तै वित्तीय व्यवस्थातर्फ चालू आवको पहिलो तीन महीनामा करीब ७० अर्ब रुपियाँ खर्च भएको छ । गत आवको सोही अवधिमा यसमा ४९ अर्ब ३४ करोड रुपियाँ खर्च भएको थियो । राजस्व सङ्कलनमा पनि केही सकारात्मक सङ्केत देखिएको छ । चालू आर्थिक वर्षको पहिलो तीन महीनामा सरकारले दुई खर्ब २८ अर्ब रुपियाँ राजस्व सङ्कलन गरेकोमा गत आवको सोही अवधिमा दुई खर्ब १९ अर्ब रुपियाँ मात्र सङ्कलन गरेको थियो । यसैगरी सरकारले राजस्व, अनुदान र अन्य प्राप्तिसहित चालू आर्थिक वर्षको पहिलो तीन महीनामा कुल दुई खर्ब ५३ अर्ब रुपियाँ प्राप्त गरेको छ, यो गत आवको सोही अवधिमा दुई खर्ब ३४ अर्ब रुपियाँ रहेको थियो ।

विश्व बैंक र आइएमएफजस्ता संस्थाले चालू आर्थिक वर्षको आर्थिक वृद्धिदर पाँच प्रतिशतभन्दा माथि हुने प्रक्षेपण गरेका छन् । यस हिसाबले बाह्य क्षेत्र सुदृढ अवस्थामा देखिन्छ । अर्थतन्त्रका धेरै पक्षमा सुधार भए पनि अहिलेको मुख्य चुनौती भनेको नै माग बढाउनु हो । त्यसका लागि उत्पादन, रोजगार र आपूर्ति बढाउनुपर्नेछ । यसका लागि उत्पादनका हरेक क्षेत्रको आत्मविश्वास बढाउने हिसाबले पहलकदमी लिनुपर्ने सरकारको मुख्य कार्यभार हुनुपर्दछ । संविधानमा समावेश गरिएका नागरिक अधिकारको प्रभावकारी कार्यान्वयन गरी समुन्नत र समृद्ध मुलुक बनाउने जिम्मेवारी वर्तमान सरकारको काँधमा छ । न्यायसहित समानता र समतामूलक समाजको निर्माण गरी विधिको शासन र सुशासनमार्फत राज्य प्रणालीलाई सबल र नागरिकको भरोसायोग्य बनाउने चुनौती पनि वर्तमान सरकार सामु छ । आर्थिक सुशासन र दिगो विकास एवं सामाजिक, सांस्कृतिक सुधारमार्फत नागरिकले चाहेजस्तो आर्थिक क्रान्तिको अध्याय थालनी गर्ने दायित्व पनि सरकारमाथि छ । आर्थिक उन्नयनमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउने र नागरिकमा आशा जगाउने कार्यमा सरकारका काम केन्द्रित भइरहँदा अर्थतन्त्रका तीनमध्ये एक खम्बा सहकारी क्षेत्र निकै सङ्कटमा परेको अवस्था छ । प्रधानमन्त्री ओलीले कानून अनुसार सहकारी पीडितको बचत रकम फिर्ता गर्ने, ठगीमा संलग्नलाई अनुसन्धान र कानूनी कारबाई गर्ने प्रतिबद्धता व्यक्त गरिरहँदा यसको प्रभावकारी कार्यान्वयन गरी आम सहकारी-पीडितलाई न्याय दिलाउने दायित्व पनि सरकारको हो । त्यसैले आन्तरिक अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सरकारले प्रभावकारी कदम चाल्नुपर्ने आजको आवश्यकता हो । यसतर्फ सरकारले अर्जुन दृष्टिका साथ काम गर्न सक्नुपर्दछ ।



**मखमली फूलः** दाङको घोराही उपमहानगरपालिका-१४ रतनपुर झिगौरामा एग्रोमार्टले व्यवसायिकरूपमा खेती गरेको मखमली फूल । फूल टिपेर तिहारका लागि माला बनाउने तयारी मार्टले गरेको छ । तस्बिरः रञ्जीता अधिकारी/रासस

# विश्व बैंकले रोजगार सृजनामा सघाउने

वाशिङ्टन, डिसी, ८ कात्तिक/रासस

विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भाग लिने सिलसिलामा यहाँ रहेका उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले बुधवार उक्त बैंकका दक्षिण एशिया मामिला हेर्ने उपाध्यक्ष मार्टिन रेजरसँग भेटवार्ता गरेका छन् ।

नेपालमा रोजगार सृजना गर्ने विषयमा वार्ता केन्द्रित रहेको यहाँस्थित नेपाली राजदूतावासले जनाएको छ । नेपालमा व्यावसायिक वातावरणको सुधार, मुख्य पूर्वाधार आयोजनाहरूको कार्यान्वयन तथा विप्रेषण आप्रवाहका माध्यमबाट पनि रोजगार सृजना गर्नेबारे छलफल भएको थियो ।

यसैबीच, विश्व बैंकले नेपाललाई प्राकृतिक विपत्तिपछिको पुनर्निर्माणका निम्ति सहयोग गर्ने भएको छ । सहायतासम्बन्धी सम्झौतामा नेपाल सरकार र विश्व बैंकबीच हस्ताक्षर भएको छ । सम्झौतापत्रमा अर्थ मन्त्रालयका सचिव रामप्रसाद घिमिरे र नेपालका लागि विश्व बैंकका प्रतिनिधि डेभिड सिसलेनले हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार विश्व बैंकले १५ करोड डलर उपलब्ध गराउनेछ । उपप्रधान तथा अर्थमन्त्री पौडेल र विश्व बैंक (दक्षिण एशिया मामिला)का उपाध्यक्ष मार्टिन रेजर उपस्थित रहेको हस्ताक्षर कार्यक्रममा नेपालको प्राकृतिक र जलवायु परिवर्तनका कारण आइपर्ने स्वास्थ्य जटिलताको लागि स्रोत परिचालन गरिने जनाइएको छ ।

# ‘हरित ऊर्जा उत्पादन नेपालको प्रमुख प्राथमिकता’

काठमाडौं, ८ कात्तिक/रासस

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले हरित ऊर्जा उत्पादन नेपालको प्रमुख प्राथमिकता भएको बताएका छन् ।

भारतको जयपुरमा जारी ‘साउथ एशियन क्लिन इनर्जी फोरम’मा बुधवार उनले हरित ऊर्जालाई नेपालले प्रमुख प्राथमिकतामा राखेर अगाडि बढेको बताएका हुन् । उनले भने, “ऊर्जा सुरक्षा र दक्षता कायम राख्न ठूलो चुनौती देखिएको छ । जलवायु परिवर्तनका नकारात्मक असरहरूको परिणामस्वरूप ऊर्जा क्षेत्रमा चुनौती देखिएको हो ।”

सचिव आचार्यले उनले गत असोजको अविरल वर्षाका कारण आएको बाढी र पहिरोबाट जलविद्युत् आयोजनामा भएको क्षतिको शोधभर्ना गर्दै ती आयोजना पुनः सञ्चालन गर्न र भविष्यमा यस्ता क्षतिबाट जोगिन प्रयास भइरहेको उल्लेख गरे ।

हरित ऊर्जालाई प्राथमिकताका साथ अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई फोरममा सहभागी सबै राष्ट्रले समर्थन गर्नुपर्ने देखिएको उल्लेख गर्दै सचिव आचार्यले युएसएड इन्डियाको भूमिका अझ प्रभावकारी रहनेछ भने । नेपालले सन् २०३५ सम्म कार्यान्वयनका लागि प्रस्ताव गरेको विद्युत् उत्पादन मार्गचित्र र कार्ययोजना चाँडै मन्त्रिपरिषदबाट स्वीकृत गराइ कुल २८ हजार ५०० मेगावाट क्षमताको पूर्ण स्वच्छ एवं हरित ऊर्जा उत्पादन गर्ने योजना रहेको उनको भनाइ थियो ।

सचिव आचार्यले विद्युत्को आन्तरिक खपत बढाउने, ऊर्जा खपत बढाउने उद्योगको स्थापना गर्ने, ई-मोबिलिटीलाई प्रोत्साहन गर्न सम्भाव्य स्थानमा चार्जिङ स्टेशन थप गर्ने र बचत हुने स्वच्छ एवं हरित ऊर्जा भारत, बङ्गलादेश र अन्य आकाङ्क्षी मुलुकमा निर्यात गर्ने योजना नेपालको रहेको बताए ।

उनले गत असोजमा नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभेलपमेन्ट बोर्ड र एनटिपिपी विद्युत् व्यापार निगम, भारतबीच भएको त्रिपक्षीय विद्युत् व्यापार सम्झौतामार्फत नेपालको स्वच्छ एवं हरित ऊर्जाको व्यापार अभिवृद्धि गर्न मार्ग प्रशस्त भएकामा भारत सरकारको सराहना गर्दै भविष्यमा पनि आफ्नो भूमि भएर थप विद्युत् व्यापारमा सहजीकरण गरिदिन अनुरोध गरे ।

उक्त कार्यक्रमको शुभारम्भ

(बाँकी पाँचौं पातामा)

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**

## अन्तर्राष्ट्रिय समाचार

# युरोपमा मुस्लिमविरोधी भेदभावमा तीव्र वृद्धि –इयू



पेरिसमा मुस्लिमविरोधी प्रदर्शन हुँदै । तस्वीरः रायटर्स/फाइल

भिएन्ना, ८ कात्तिक/एएफपी

इजरायलविरुद्ध हमासको आक्रमणले युरोपमा मुस्लिमविरोधी घृणामा तीव्र वृद्धि भएको उल्लेख गर्दै युरोपका मुस्लिमहरूले अझ बढी जातिवाद र भेदभावको सामना गरिरहेको युरोपेली सङ्घ (इयू)को अधिकार एजेन्सीले बिहीवार जनाएको छ ।

'युरोपियन युनियन एजेन्सी फर फन्डामेन्टल राइट्स (एफआरए)'का अनुसार सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमा आक्रमण गरेपछि गाजामा प्रतिशोधात्मक आक्रमण शुरू भएपछि धेरै इयू राष्ट्रले मुस्लिमविरोधी कार्यहरूमा वृद्धि भएको जनाएका छन् ।

"हमासको आक्रमणपछि मुस्लिमविरोधी घृणा र यहुदीविरोधी भावना बढेको कुरा प्रकाशमा ल्याउने थुप्रै युरोपेली सङ्घका देशबाट आएका रिपोर्टबारे हामी सचेत छौं," एफआरएका प्रवक्ता निकोल रोमेनले बताए ।

युरोपेली सङ्घमा लगभग दुईमध्ये एक मुस्लिमले आफ्नो दैनिक जीवनमा जातिवाद र भेदभावको सामना गर्छन्, जुन सन् २०१६ मा एफआरए सर्वेक्षणको अन्तिम संस्करणमा फेला परेको ३९ प्रतिशतबाट तीव्र वृद्धि हो ।

भेदभावको सबैभन्दा बढी दर अस्ट्रिया, जर्मनी र फिनल्यान्डमा रेकर्ड गरिएको छ ।

"हामीले युरोपमा मुस्लिम समुदायविरुद्ध जातिवाद र भेदभावमा चिन्ताजनक वृद्धि देखिरहेका छौं," एफआरएका निर्देशक सिर्पा राउटिओले भने ।

"यो मध्यपूर्वमा द्वन्द्वले उत्प्रेरित भएको हो र महाद्वीपभरि देखिएको अमानवीय मुस्लिमविरोधी प्रदर्शनले स्थिति अझ खराब बनाएको छ," राउटिओले बताए ।

सन् २०२१ को अक्टोबरदेखि सन् २०२२ को अक्टोबरसम्म १३ वटा युरोपेली देशका नौ हजार छ सयभन्दा बढी मुस्लिमको सर्वेक्षण गरिएको थियो ।

मुस्लिम महिला, पुरुष र बालबालिकाहरू धर्मका कारण मात्र नभई छालाको रङ र जातीय वा आप्रवासी पृष्ठभूमिका कारण पनि हिंसामा परेको एफआरएले उल्लेख गरेको छ । रासस

# राष्ट्रपति पुटिन दुई वर्षपछि राष्ट्रसङ्घका महासचिवसँग भेट गर्ने

कजान, रूस, ८ कात्तिक/एएफपी

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन बिहीवार दुई वर्षभन्दा बढी समयपछि संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेससँग भेट गर्ने भएका छन् ।

रूसी शहर कजानमा आयोजित ब्रिक्स सम्मेलनको अन्तिम दिन दुई पक्षबीच भेटवार्ता हुने भएको हो । क्रेमलिनका अनुसार उनीहरूले युक्रेन द्वन्द्वका साथै मध्यपूर्वमा बढ्दो सङ्कटबारे छलफल गर्ने अपेक्षा गरिएको छ ।

गुटेरेसले युक्रेनविरुद्ध मस्कोको सैन्य आक्रमणको बारम्बार आलोचना गर्दै यसले विश्वका लागि खतरनाक उदाहरण स्थापित गरेको बताउँदै आएका छन् ।

गुटेरेस सन् २०२२ मा किभलाई आफ्नो बन्दरगाहबाट सुरक्षितरूपमा अन्न निर्यात गर्न अनुमति दिने सम्झौताको मध्यस्थतामा मदत गर्दै दुई देशबीचको शान्ति प्रयासमा संलग्न भएका थिए । त्यस बेलादेखि दुई पक्षबीच थोरै मात्र प्रत्यक्ष कूटनीतिक सम्पर्क भएको छ ।

युक्रेनले पुटिनलाई भेट्ने संयुक्त राष्ट्रसङ्घका प्रमुखको निर्णयको कडा आलोचना गरेको छ ।

पुटिनले युक्रेनलाई युद्धविरामको पूर्वशर्तको रूपमा यसको दक्षिण र पूर्वमा आत्मसमर्पण गर्न माग गरेका छन्, जसलाई किभले अनावश्यक शर्तको रूपमा अस्वीकार गरेको छ ।

गुटेरेसले कजानमा पुटिनलाई भेट्ने र सम्मेलनलाई सम्बोधन गर्ने योजना रहेको संयुक्त राष्ट्रले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घका प्रवक्ता फरहान हकले गुटेरेसले 'युक्रेनमा युद्धमा आफ्नो चिरपरिचित स्थितिलाई पुनः पुष्टि गर्ने' बैठकको उद्देश्य रहेको बताए ।

गुटेरेसले मस्कोले युक्रेनी क्षेत्र विलय गर्ने योजनाले गरिरहेको आक्रमणको आलोचना गर्दै यस्ता गतिविधिको संसारमा कुनै स्थान नभएको बताएका छन् ।

त्यसैगरी, ब्रिक्स शिखर सम्मेलनमा सहभागी विश्व नेताहरूले युक्रेन द्वन्द्व अन्त्य गर्न आह्वान गरेका छन् । रासस

# उत्तर कोरियाले तीन हजार सैनिक रूस पठाएको अमेरिकाको दाबी

अमेरिका, ८ कात्तिक/एएनआई

उत्तर कोरियाले कम्तीमा तीन हजार उत्तर कोरियाली सैनिक अक्टोबरमा रूस पठाएको ह्वाइट हाउसले जनाएको छ । ह्वाइट हाउसका अनुसार उनीहरू युक्रेनविरुद्ध लडाइँमा सहभागी हुने अत्यधिक सम्भावना रहेको छ ।

ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा सञ्चार सल्लाहकार जोन किर्बीले बुधवार पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उत्तर कोरियाली सैनिकहरू युक्रेनसँग लड्न रूस जाँदै गरेको सार्वजनिक सूचना पाएको बताएका छन् ।

सेना उत्तर कोरियाको वोनसनबाट रूसको भ्लाडिभोस्टोकसम्म जहाजबाट गएको बताउँदै हाल उनीहरू रूसी सैन्य प्रशिक्षणमा रहेको बताए । प्रशिक्षणपछि सैनिकहरू युक्रेनी सेनाविरुद्ध लडाइँमा संलग्न हुन सक्ने चिन्ता उनले व्यक्त गरेका छन् । किर्बीले अमेरिकाले युक्रेनी सरकारलाई उनीहरूको अवस्थाबारे जानकारी दिएको बताउँदै उत्तर कोरिया



मस्को र किभबीचको द्वन्द्वमा प्रवेश गरेमा युद्धमा रूसी कायरता उजागर हुने उल्लेख गरेका छन् ।

युक्रेनविरुद्ध युद्धमा रूसले हरेक दिन असाधारण हताहत भोगिरहेको बताउँदै किर्बीले अझै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावविपरीत युक्रेनसँग द्वन्द्व जारी राख्न चाहेको बताएका छन् ।

ह्वाइट हाउसका वरिष्ठ अधिकारीले युद्धका लागि युक्रेनलाई अमेरिकी सहयोगबारे कुरा गर्दै अमेरिका युक्रेनलाई थप युद्ध सामग्री प्रदान गर्ने तयारीमा रहेको बताएका छन् । उनले अमेरिकी राष्ट्रपति जो बाइडेन युक्रेनलाई सहयोग गर्न कटिबद्ध रहेको समेत जानकारी दिए ।

युक्रेनका लागि अमेरिकी समर्थनको पुष्टि गर्दै उनले आगामी दिनमा अमेरिकाले युक्रेनविरुद्ध रूसको युद्धका समर्थकलाई लक्षित गरी महत्त्वपूर्ण प्रतिबन्ध घोषणा गर्ने जानकारी दिएका छन् । रासस


**नृत्य प्रस्तुत गर्दै कलाकारः** संयुक्त राष्ट्रसङ्घ दिवस २०२४ का अवसरमा नेपाली सेनाद्वारा सेनाको मुख्यालय भद्रकालीमा बिहीवार आयोजित समारोहमा नृत्य प्रस्तुत गर्दै कलाकार । तस्बिरः रत्न श्रेष्ठ/रासस

# जनलोकपाल आयोग कामविहीन

जनकपुरधाम, ८ कातिक/रासस

मधेसमा आर्थिक अनियमितता तथा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने उद्देश्यले मधेस प्रदेश सरकारले स्थापना गरेको जनलोकपाल आयोग कामविहीन बनेको छ ।

आयोग स्थापनाको तीन वर्ष बिते पनि आयोग कामविहीन बनेको हो । आयोगका अध्यक्ष रामसहाय यादवले वार्षिक प्रतिवेदन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई बिहीवार बुझाउँदै स्रोत, साधन र जनशक्ति तथा कानूनको अभावमा काम गर्न नसकेको जानकारी दिए ।

सरकारले वितरण गर्ने बजेटको उपयोगिता तथा प्रशासनिक कार्यमा जनताको पहुँच वृद्धि गर्न र जनगुनासो सम्बोधन गर्न सो आयोग तीन वर्षअगाडि स्थापना गरिएको थियो । आयोगका अध्यक्ष यादवले जिम्मेवारी सम्हालेको तीन वर्षमा सुशासन प्रवर्द्धनका कुनै काम गर्न नसकेको गुनासो गरे ।

"आयोगको मुख्य उपलब्धि देखाउन नपाउँदा मेरो मन दुःखी छ । प्रदेश सरकारले यो आयोग सक्षम होस् भनेर नचाहेको कारण अहिलेसम्म हामीले काम गर्न नसकेका हौं," उनले भने ।

प्रदेशमा देखिएका बेथितिलाई न्यूनीकरण गर्न तथा सुशासन कायम गर्न आयोग तयार रहेको तर वर्तमान प्रदेश सरकारले आवश्यक स्रोत तथा साधन उपलब्ध नगराएको उनको भनाइ छ । आयोगमा प्राप्त उजूरीमाथि आवश्यक छानबीन गर्ने तथा आवश्यक देखिएमा थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिश गर्ने नीति जनलोकपाल आयोगको रहेको बताइएको छ ।

तीन वर्षमा आयोगमा कुल ४२ वटा उजूरी दर्ता भएको आयोगले जनाएको छ । जनशक्ति अभावमा हालसम्म कुनै पनि उजूरीमाथि अनुसन्धान गर्न नसकेको आयोगका अध्यक्ष यादवले जानकारी दिए । ३३ जना कर्मचारी दरबन्दी रहेको आयोगमा एक कम्प्युटर अपरेटर मात्र कार्यरत छन् ।

# स्तन क्यान्सर प्रभावितले आत्मबल बढाउनुपर्छ

चितवन, ८ कात्तिक/रासस

स्तन क्यान्सर प्रभावितहरूले आत्मविश्वास बढाउनुका साथै परिवारको माया, आत्मीयता र स्याहार पाउन सके रोगलाई जित्न सकिने सरोकार भएकाले बताएका छन् ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालद्वारा स्तन क्यान्सर सचेतना महीना (अक्टोबर)को अवसरमा बिहीवार आयोजित 'स्तन क्यान्सर विजेता जमघट तथा अन्तर्क्रिया कार्यक्रम'का सहभागीले पति र परिवारको हौसला तथा स्वयंको आत्मविश्वासले रोगलाई परास्त गर्न सकिने धारणा राखेका छन् ।

कार्यक्रममा राष्ट्रिय सरोकार तथा समन्वय समितिकी सभापति पार्वती रावलले आफू पनि स्तन क्यान्सर प्रभावित रहेको बताउँदै सहभागीलाई आफ्नो अनुभव बताइन् । उनले सुरुआतमा स्तन वरपर पोलेको जस्तो भएर विभिन्न ठाउँमा परीक्षण गराउँदासमेत रोग पहिचान हुन नसकेको बताउँदै भनिन्, "नेपालमा पहिचान हुन नसकेपछि दिल्ली गएँ, त्यहाँ पनि पहिलोपटक पहिचान हुन सकेन, १० दिनपछि पुनः परीक्षण गर्दा स्तन क्यान्सर पहिचान भयो ।" उच्च मनोबलका साथ उपचारमा लाग्नुपर्नेमा जोड दिंदै सभापति रावलले परिवारको साथ, सही उपचार र सकारात्मक ऊर्जाका माध्यमबाट स्तन क्यान्सरलाई परास्त गर्न सकिने धारणा राखिन् ।

अस्पताल सञ्चालक समितिका अध्यक्ष डा विजयराज न्यौपानेले स्तन क्यान्सर विजेताहरूलाई सचेतनाका लागि सद्भावना दूत बनिदिन आग्रह गरे । क्यान्सर विजेताले आफ्नो अनुभव सुनाउँदै सचेतना फैलाएमा प्रभावकारी हुने उनले बताए ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले नेपालमा क्यान्सरको अवस्था र उपचार विधिका बारेमा जानकारी गराए । उनले बाह्य र भित्री कारणबाट क्यान्सर हुने जनाउँदै ८० देखि ९० प्रतिशत बाह्य कारणबाट हुने क्यान्सरबाट भने बच्न सकिने बताए ।

स्वस्थ खानपान, नियमित व्यायाम र सक्रिय जीवनशैली जिउन सके क्यान्सरबाट धेरै मात्रामा बच्न सकिने डा पौडेलले बताए । विश्वमा सबैभन्दा बढी एशियामा क्यान्सर रोगी रहेका तथ्याङ्क प्रस्तुत गर्दै उनले नेपालमा बर्सेनि २२ हजार आठ सयजनामा क्यान्सर पहिचान हुने र तीमध्ये १४ हजार सात सय चारजनाको मृत्यु हुने गरेको जानकारी दिए ।

अस्पतालको शल्यक्रिया विभागका प्रमुख डा विश्वराम पौडेलले स्तन क्यान्सर प्रभावितलाई बलियो आत्मविश्वासका साथ परिवारको माया दिएर हौसला प्रदान गर्नुपर्नेमा जोड दिए । १० वर्ष अघिसम्म क्यान्सर लागेमा मृत्यु हुन्छ भन्ने मानसिकता आमनागरिकमा रहेको चर्चा गर्दै उनले स्वास्थ्य क्षेत्रमा नयाँनयाँ प्रविधि आएसँगै उपचार सहज हुँदै गएको बताए ।

अस्पतालको क्यान्सर रोकथाम, नियन्त्रण तथा अनुसन्धान विभागकी प्रमुख डा अस्मिता रानाले पाठेघरको मुखको क्यान्सरलाई जितेर स्तन क्यान्सर अगाडि आएको चर्चा गर्दै पुरुष चिकित्सकलाई देखाउन लजाउने समस्या अझै महिलामा रहेकाले पनि समस्या सृजना गरिरहेको बताइन् ।

स्तन क्यान्सर विजेता नीता श्रेष्ठले आत्मविश्वास र उच्च मनोबलसहित स्वस्थ जीवनशैली अपनाउँदा क्यान्सरलाई हराउन सकिने अनुभव सुनाइन् । स्तन क्यान्सर विजेता पञ्चु लामाले आफूले क्यान्सर जितेर २० वर्षदेखि स्वस्थ जीवन बिताइरहेको जानकारी दिए । सकारात्मक सोच र सक्रिय दैनिकीले रोगसँग लड्ने ऊर्जा दिने उनको अनुभव छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – राज्यलाभ |
| मिथुन – कान्तिक्षय | कर्कट – सुयश |
| सिंह – खर्चवृद्धि | कन्या – धनलाभ |
| तुला – सफलता | वृश्चिक – राज्यभय |
| धनु – रोगभय | मकर – व्यापारवृद्धि |
| कुम्भ – शत्रुभय | मीन – कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## हरित ऊर्जा ...

राजस्थान प्रदेशका ऊर्जामन्त्री हीरालाल नागरले गरेका थिए । आजसम्म चल्ने कार्यक्रममा नेपालको तर्फबाट ऊर्जा सचिव आचार्यको नेतृत्वमा नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, लगानी बोर्ड, बूढीगण्डकी जलविद्युत् विकास कम्पनीका प्रतिनिधि सहभागी छन् ।

उक्त कार्यक्रममा दक्षिण एशियाली मुलुकका विद्युत् उत्पादक, लगानीकर्ता, वित्तीय संस्था, विद्युतीय उपकरण उत्पादक संस्थाका प्रतिनिधि गरी झन्डै २६० जना सहभागी छन् ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



वीरगंज-१४ स्थित कृषि औजार कारखाना रङरोगन गरिंदै। तस्वीरः नितेश कर्ण

# आन्तरिक राजस्व कार्यालय सिमराद्वारा राजस्व सङ्कलनमा चुनौती

प्रस, जीतपुर, ८ कात्तिक/

आन्तरिक राजस्व कार्यालय, सिमराको राजस्व सङ्कलन लक्ष्य असफल भएको छ। कार्यालयले साउनदेखि असोजसम्मको अवधिमा रु तीन अर्ब ९९ करोड ४९ लाख ६४ हजार लक्ष्य राखेको थियो, तर यसमध्ये ७९.२८ प्रतिशत मात्रै सङ्कलन भएको प्रमुख कर अधिकृत दिनेश पाण्डेले बताए। उनले अहिले चुनौतीपूर्ण अवस्था रहेको बताउँदै यसको असर राजस्व सङ्कलनमा पनि परेको बताए।

तस्वीरः फाइल




यस अवधिमा आयकरबाट मात्र ६६.५६ प्रतिशत राजस्व सङ्कलन भएको बताए। भाडा आयकरबाट १३.६८ प्रतिशत मात्रै कर सङ्कलन भएको छ। यद्यपि आन्तरिक मूल्य अभिवृद्धि कर १०२.८१ प्रतिशत सङ्कलन गरेको छ, जसले केही राहत दिएको छ। स्वास्थ्य सेवा करबाट भने ६६.१४ प्रतिशत राजस्व सङ्कलन भएको छ, जुन अपेक्षाभन्दा कम हो।

सूर्य नेपाल, नेपालकै सबैभन्दा ठूलो करदाता रहेकोमा यसपालि सूर्य नेपालको उत्पादन र खपतमा गिरावटका कारण अपेक्षित योगदान गर्न नसकेको उनले बताए। सूर्य नेपालले कुल राजस्वको ८० प्रतिशत योगदान गरे पनि खपत कम भएका कारण आन्तरिक राजस्व कार्यालय सिमराले लक्ष्य पूरा गर्न नसकेको प्रमुख कर अधिकृत पाण्डेले बताए।

बारा जिल्लाका करदाताहरूले सिमरा कार्यालयमा कर बुझाउने गर्छन् साथै रौतहट जिल्लामा आन्तरिक राजस्व कार्यालय नभएकोले त्यहाँका करदाताहरूले पनि सिमरामा कर बुझाउनुपर्ने हुँदा त्यस भेगका करदाताहरूको सेवासुविधालाई ध्यानमा राखी रौतहट जिल्लाको चन्द्रपुर र गौरमा आन्तरिक राजस्व कार्यालय, सिमराले सेवा केन्द्र स्थापना गरी निरन्तर करदाताहरूलाई सहयोग गर्दै आएको प्रमुख कर अधिकृत पाण्डेले बताए।

आन्तरिक राजस्व कार्यालय सिमराले करदाताहरूलाई सेन्ट्रल बिलिङ म्यानेजमेन्टमा समावेश गराउन १० जना नयाँ करदातालाई प्रेरित गरेको छ भने २३ जना करदाताले कम्प्युटर बिलिङ प्रणालीको अनुमति प्राप्त गरेका छन्। यसले कर सङ्कलन प्रणालीलाई पारदर्शी र आधुनिक बनाउन मदत पुर्‍याउने अपेक्षा गरिएको उनले बताए।

प्रमुख कर अधिकृत पाण्डेले करदाताहरूलाई समयमैं कर तिर्न प्रोत्साहन गर्न र राजस्व सङ्कलनको स्तरलाई सुधार गर्न विभिन्न अभियानहरू अघि बढाउने योजना बनाइएको बनाए।

# भरुवा बन्दुक र डमरुसहित एकजना पक्राउ

प्रस, रौतहट, ८ कात्तिक/

डिभिजन वन कार्यालय रौतहटको गस्ती टोलीले चन्द्रपुर नगरपालिका-३ ख्याकु गाउँमा छापामारी गरी दुई थान भरुवा बन्दुक र खयर काठको डमरुसहित एकजनालाई पक्राउ गरेको छ।

छापामारीको क्रममा टोलीले कान्छामान जिम्बालाई पक्राउ गरेको डिभिजन वन कार्यालय, रौतहटका प्रमुख हेमन्तप्रसाद साहले बताए। जिम्बाले अवैधरूपमा वनबाट खयर काठ काटेर डमरु बनाउने गरेको सूचनाको आधारमा टोलीले छापामारी गरेको थियो। टोलीले जिम्बाको गोठबाट दुई थान भरुवा बन्दुकसमेत बरामद भएपछि अनुसन्धान भइरहेको वन अधिकृत राजेशकुमार साहले जानकारी गराएका छन्।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## नेपाल समूह विजेता बन्दै सेमिफाइनलमा

काठमाडौं, ८ कात्तिक/रासस

नेपालले साफ माहिला च्याम्पियनशिप-२०२४ को सेमिफाइनलमा प्रवेश गरेको छ। समूह चरणको अन्तिम खेलमा श्रीलङ्कालाई ६-० गोलअन्तरले पराजित गर्दै नेपाल समूह 'बी'को विजेता बनेको हो। नेपालले अब सेमिफाइनलमा आइतवार समूह 'ए'को उपविजेता भारतसँग खेल्नेछ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बिहीवार भएको खेलमा नेपालले पहिलो हाफमा श्रीलङ्काविरुद्ध चार गोलको अग्रता लिएको थियो। पहिलो हाफमा नेपालका लागि रेखा पौडेलले दुई तथा सावित्रा भण्डारी (साम्बा) र सविता रानामगरले एक/एक गोल गरिन्। सविताले खेलको आठौं मिनेटमा गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन्। यस्तै, खेलको ११औं मिनेटमा नेपालका लागि सावित्राले गोल गर्दै २-० को अग्रता दिलाइन्।

यसैगरी, खेलको १३औं मिनेटमा रेखाले गोल गर्दै नेपाललाई ३-० को अवस्थामा पुर्‍याइन्। यस्तै, रेखाले नै खेलको ३६औं मिनेटमा थप गोल गर्दै नेपाललाई पहिलो हाफमा ४-० को अग्रता दिलाइन्।

दोस्रो हाफमा नेपालले दुई गोल मात्र गर्न सक्यो। दोस्रो हाफमा अमिशा कार्की र रश्मीकुमारी घिसिङले एक/एक गोल गरे। अमिशाले खेलको ४७औं मिनेटमा तथा रश्मीले खेलको ९४औं मिनेटमा गोल गरे।

आइतवार नै समूह 'ए'को विजेता बङ्गलादेश र समूह 'बी'को उपविजेता भुटानबीच अर्को सेमिफाइनल खेल हुनेछ।

## क्रिकेट प्रतियोगिताः पोखरिया फाइनलमा

प्रस, पोखरिया, ८ कात्तिक/

सखुवाप्रसौनी युवा समाजद्वारा आयोजित सखुवाप्रसौनी क्रिकेट प्रतियोगिताको बिहीवार भएको पहिलो सेमिफाइनल खेलमा पोखरिया विजयी भएर फाइनलमा प्रवेश गरेको छ।

सो खेलमा अपौनीले टस जितेर ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाइ १५२ रन बनाएको थियो। प्रतिउत्तरमा पोखरियाले ९.४ ओभरमा आठ विकेट गुमाइ १५३ रन बनाउँदै जीत हासिल गर्‍यो। जीतसँगै अपौनी प्रतियोगिताबाट बाहिरिएको छ भने पोखरिया फाइनलमा प्रवेश गरेको छ। आजको खेलको 'म्यान अफ दी म्याच' विकाश दास भए। उनले चार ओभरमा एक विकेट लिंदै ३२ बलमा ५८ रन जोडेका थिए।

## अन्डर-१९ को लागि मधेस प्रदेश क्रिकेट टोली छनोट

प्रस, परवानीपुर, ८ कात्तिक/

कात्तिक १० गतेदेखि विराटगरमा आयोजना हुने स्व नरेश श्रेष्ठ स्मृति अन्डर-१९ राष्ट्रिय प्रतियोगिताको लागि मधेस प्रदेशको क्रिकेट टोली चयन भएको छ। मधेस प्रदेशका आठ जिल्लाबाट छनोट गरी २४ जनालाई तीन दिवसीय क्लोज क्याम्प राखेर विभिन्न अभ्यास खेलमार्फत १४ जना खेलाडी छनोट भएको जनाइएको छ। महोत्तरीका अभिषेक तिवारीको कप्तानीमा छनोट भएको टोलीमा सबैभन्दा बढी पर्सा र बाराका तीन/तीन जना खेलाडी छन्। पर्साबाट इमरान शेख, सफवान अली, रञ्जीत कुमार छन् भने बाराबाट साहेब पटेल (विकेटकीपर), रोहन साह, नीरजकुमार यादव छन्।

त्यसैगरी, रौतहटबाट राज पटेल, राजेश यादव, सर्लाहीबाट नीरज राय, जीतेन्द्र मण्डल, धनुषाबाट मयन यादव, सिराहाबाट शैलेन्द्र साह, अफ्रुद्दीन राइनलगायत रहेका छन्। त्यसैगरी, मधेस प्रदेश टोलीको टीम मैनेजरमा राजीव श्रेष्ठ र प्रशिक्षकमा सुनील साह छनोट भएको क्यान पर्साका अध्यक्ष मनीष सिंहले जानकारी दिए।

## भुटान साफ च्याम्पियनशिपको सेमिफाइनलमा प्रवेश

काठमाडौं, ८ कात्तिक/रासस

भुटान साफ महिला च्याम्पियनशिप-२०२४ को सेमिफाइनलमा प्रवेश गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशलामा बिहीवार भएको समूह चरणको आफ्नो अन्तिम खेलमा माल्दिभ्सलाई १३-० ले गोलअन्तरले पराजित गर्दै भुटान सेमिफाइनलमा प्रवेश गरेको हो।

भुटानको जीतमा देकी लाजोमले पाँच, पेमा छोदेन र डेकी याङ्दोनले समान दुई तथा नामगेल देमा, देकी याङदोन, छिरिङ लादेन र सोनाम छोदेनले समान एक/एक गोल गरे। देकी लाजोमले खेलको १५औं, १९औं, ४६औं, ५२औं र ७०औं मिनेटमा गोल गरिन्। यसैगरी, पेमाले खेलको सातौं र १७औं, छिरिङ याङदेनले ६५औं र ८०औं, सोनमले पाँचौं, नामगेलले ४१औं, देकी याङ्देनले ४७औं तथा छिरिङ लादेनले ६८औं मिनेटमा गोल थपे। पहिलो खेलमा नेपालसँग गोलरहित बराबरीमा रोकिएको भुटानले लगातार जीत निकाल्दै सात अङ्क जोड्दै अङ्कतालिकामा शीर्ष स्थानमा उक्लिएको छ। भुटानले श्रीलङ्कालाई ४-१ ले हराएको थियो। अन्तिम खेल खेल्न बाँकी रहेको नेपालसँग चार अङ्क छ। श्रीलङ्काको दुई खेलमा तीन अङ्क छ।

# पोलियो दिवसको अवसरमा विभिन्न कार्यक्रम

तस्वीरः प्रतीक




प्रस, वीरगंज, ८ कात्तिक/

विश्व पोलियो दिवसको अवसरमा रोटरी क्लब अफ वीरगंजको आयोजनामा बिहीवार जनचेतनामूलक र्‍याली, कोणसभा र मानव साङ्लो प्रदर्शन गरिएको थियो।

रोटरी भवनबाट शुरू भएको र्‍याली नगरपरिक्रमा गरी घण्टाघरमा पुगेर कोणसभामा परिणत भएको थियो। कोणसभामा नगरप्रमुख राजेशमान सिंहले पोलियो रोग उन्मूलनमा गैरसरकारी संस्थाहरूको भूमिकाको प्रशंसा गरे। उनले यस प्रकारका कार्यक्रममा महानगरको सदैव साथ र सहयोग रहने बताए।

कोणसभापछि रातो बङ्गला परिसरमा सन्देशमूलक मानव साङ्लो प्रदर्शन पनि गरिएको थियो। 'इन्ड पोलियो' सन्देशसहितको मानव साङ्लो बनाएर प्रदर्शन गरिएको रोटरी क्लब अफ वीरगंजका अध्यक्ष निर्मल खत्रीले बताए।

कार्यक्रममा प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्ष माधव राजपाल, भारतीय महावाणिज्य दूतावास, वीरगंजका महावाणिज्यदूत देवी सहाय मीणा, डा नीरज सिंह, स्वास्थ्य कार्यालय पर्साका अधिकृत जयमोद ठाकुरलगायतको सहभागिता थियो।

# बारामा करेन्ट लागेर एकजनाको मृत्यु

प्रस, वीरगंज, ८ कात्तिक/

कलैया उपमहानगरपालिका-२३ मतौडामा एकजना व्यक्तिको करेन्ट लागेर मृत्यु भएको छ। मृत्यु हुनेमा ५५ वर्षीय रघुनाथ साह कानू रहेको बारा प्रहरीले जनाएको छ।

कुखुरा फर्मनजीक पानी खान जाने क्रममा पोखरीको वरिपरि रहेको नाङ्गो विद्युत् तारमा टेक्दा साहलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले बताए।

# घूससहित निमित्त प्रप्रअ साह पक्राउ

प्रस, सिम्रौनगढ, ८ कात्तिक/

सिम्रौनगढ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र साह घूस लिंदै गर्दा पक्राउ परेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको टोलीले उनलाई कलैया उपमहानगरपालिका-४ बाट लेनदेनको क्रममा पक्राउ गरेको थियो।



निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र साहलाई बिल भुक्तानीको रकम दिएबापत सेवाग्राहीसँग रु ७८ हजार घूस लिंदै गर्दा पक्राउ गरिएको आयोगका सूचना अधिकारी गोविन्दप्रसाद गौतमले जनाएका छन्।

## सुशासन प्रवर्द्धन गरौं

- कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
- भ्रष्ट्राचार, अनियमितता विरूद्ध शून्य सहनसील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागी बनौं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड